https://twitter.com/suchanaayog
https://www.facebook.com/rtinepal

# सूचना मेरो अधिकार

वर्ष २ | अंक २ | कात्तिक-माघ २०७८

Quarterly RTI News Bulletin

# 'सूचनाको हकले नागरिकलाई बलियो बनाउन मद्दत पुग्ने'



राष्ट्रिय सूचना आयोगले आर्थिक वर्ष २०७७/०७८ मा सम्पादित मुख्य-मुख्य कार्यहरू संलग्न वार्षिक प्रतिवेदन सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २५ को उपदफा १ बमोजिम व्यवस्थापिका संसदमा पेश गर्नका लागि २०७८ साल माघ १८ गते सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष पेश गरेको छ । आयोगको प्रतिवेदन बुझ्दै सम्माननीय प्रधानमन्त्री देउवाले आयोगबाट सम्पादित कार्यले सुशासन कायम गर्न मद्दत पुगेको उल्लेख गर्दै आयोगको क्षमता विकासका लागि नेपाल सरकारले आवश्यक सहयोग गर्ने बताउनु भयो । राष्ट्रिय सुरक्षासँग सम्बन्धित गम्भीर प्रकृतिका सूचना प्रवाहमा सबै पक्ष संवेदनशील हुनुपर्नेमा जोड दिँदै सम्माननीय प्रधानमन्त्री देउवाले लोकतान्त्रिक पद्दतिमा सूचनाको हकले नागरिकलाई थप बलियो बनाउनेमा आफू विश्वस्त रहेको बताउनु भयो । सूचनाको हकको कार्यान्वयनमा सरकारको प्रतिबद्धता व्यक्त गर्दै सम्माननीय प्रधानमन्त्री देउवाले सूचनाको हकसम्बन्धी ऐन तथा नियमावलीलाई समयानुकूल बनाउन पहल गर्ने बताउनु भयो ।

सम्माननीय प्रधानमन्त्रीसमक्ष आयोगको प्रतिवेदन बुझाउँदै प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले जनआन्दोलनबाट प्राप्त लोकतन्त्रलाई समृद्ध बनाउन, नागरिकको हक अधिकार सुनिश्चित गर्न, राजनैतिक दलहरूको योगदानबाट प्राप्त सूचनाको हकसम्बन्धी संवैधानिक र कानुनी व्यवस्था बमोजिम स्थापित आयोगले सूचनाको हकको प्रभावकारी

कार्यान्वयनका लागि कार्य गरिरहेको उल्लेख गर्नुभयो । विश्वका १ सय २७ भन्दा बढी देशमा सूचनाको हकसम्बन्धी कानुन बनी कार्यान्वयनमा रहेको प्रसङ्ग उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरूङ्ले संयुक्त राष्ट्र संघले सूचनामा विश्वव्यापी पँहुचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रूपमा (सेप्टेम्बर २८) मनाउन प्रारम्भ गरेको स्मरण गराउनु भयो । दिगो विकास लक्ष्यको महत्वपूर्ण सूचकाङ्कमा सूचनाको हक समावेश भएको तथा ट्रान्सपरेन्सी इन्टरनेशनलको प्रतिवेदनमासमेत सूचनामा पहुँचसम्बन्धी विषय समावेश हुनुले पनि सूचनाको हकअन्तर्गत नागरिकले सूचना माग गर्ने र सूचना पाउने व्यवस्थालाई अझै प्रभावकारी बनाउन सके सुशासन कायम गर्न मद्दत पुग्ने भएको यसको प्रभावकारी कार्यान्वयनका लागि सम्माननीय प्रधनमन्त्रीको ध्यानाकर्षण गराउनु भयो ।

सार्वजनिक निकायलाई नागरिकप्रति जिम्मेवार, जवाफदेही र पारदर्शी तथा सुशासनयुक्त बनाउन पनि सूचनाको हकको प्रयोग महत्वपूर्ण हुने बताउँदै प्रमुख सूचना आयुक्त गुरूङ्ले आयोगले यस आर्थिक वर्षमा ७५३ वटा पुनरावेदनउपर सुनवाई गरी ९८.७ प्रतिशत फछ्र्यौट गरेको, प्रशिक्षण तथा अन्तरक्रियात्मक कार्यक्रमहरू सञ्चालन गरेको, सूचना दिन अटेर गर्ने र कानुनको पालना नगर्ने सार्वजनिक निकायका प्रमुखलाई कारवाही गरेकोलगायत आयोगका क्रियाकलापबारे जानकारी गराउनु भयो । मास्क स्यानिटाइजरको गुणस्तर कायम गर्न आयोगले गरेको आदेश, प्रत्येक सार्वजनिक निकायलाई सूचनाको हकसम्बन्धमा बजेट तथा कार्यक्रम राख्न तथा जनगणनाका बारेमा सर्वसाधारणले बुझ्ने गरी सूचना प्रवाह गर्ने लगायत समसामयिक सन्दर्भमा आयोगका आदेशले नागरिकलाई सुसूचित गराउन र सुशासन प्रबर्द्धनका लागि भएका सकारात्मक भूमिका निर्वाह गरेको प्रमुख सूचना आयुक्त गुरूङ्ले बताउनु भयो ।

दिगो विकास लक्ष्यको महत्वपूर्ण सूचकाङ्कारूपमा रहेको सूचनामा पहुँचको कार्यान्वयनका लागि आयोगको सहभागितामा कार्ययोजना बनाई अगाडि बढाउन, विश्वव्यापी बन्दै गएको खुला सरकार सहकार्य (Open Governent Partnership) मा सहभागी हुन, सूचना मागकर्तालाई सहज वातावरण बनाउन, सूचनाको हकको कार्यान्वयनको अनुगनलाई प्रभावकारी बनाउन, सार्वजनिक खरीदलाई थप पारदर्शी बनाउन तथा आयोगलाई आवश्यक बजेटको व्यवस्था गर्न सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण गर्दै प्रमुख सूचना आयुक्त गुरूङ्ले सूचनाको वर्गीकरण



गर्न, सिंहदरबार प्रवेश द्वारमा सूचनाको हकसम्बन्धी 'डेस्क' राख्न र आयोगमा विगतमा रहेको विशिष्ट श्रेणीको सचिव रहने व्यवस्थालाई कायम राख्नुपर्नेलगायतका सुझावहरू राख्नुभएको थियो । आयोगका सचिव भागिरथ पाण्डेयले सूचनाको हकसम्बन्धी ऐनको दफा २५ (१) मा भएको व्यवस्थाबमोजिम आयोगको वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीसमक्ष पेश गरेको बताउनुभयो ।

आयोगका सूचना आयुक्तद्वय कमला ओली थापा, रत्नप्रसाद मैनाली तथा नेपाल सरकारका मुख्य सचिव शङ्करदास बैरागीको पनि उपस्थिति रहेको कार्यक्रममा आयोगका कर्मचारीहरूको पनि सहभागिता रहेको थियो । ◆

# 'महिला उत्थानका लागि विशेष समर्पण र त्याग जरुरी'




सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय ज्ञानेन्द्रबहादुर कार्कीले मुलुकले दिगो विकास, समृद्धि र सुशासन चाहेको उल्लेख गर्दै सूचनाको हक अधिकारमात्र नभई कर्तव्य पनि भएको बताउनु भएको छ । राष्ट्रिय सूचना आयोगद्वारा सूचनाको हकमा महिला सहभागिता : चुनौती र अवसर विषयमा काठमाडौंमा आयोजित राष्ट्रिय विचार गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री कार्कीले भन्नुभयो, 'अशिक्षा, गरिबी र पछौटेपनले गर्दा नेपालमा महिलाहरू अझै पछि परेका छन् ।' महिलाहरू पछि पर्नुका कारणहरूको खोजी र निराकरणका उपायहरू पहिल्याउनु पर्नेमा जोड दिंदै मन्त्री कार्की महिला उत्थानका लागि विशेष समर्पण र त्यागको जरूरी भएकोले समाजको वास्तविकता बुझेर महिलाको उत्थानमा लाग्नु पर्ने बताउनु भयो । मन्त्री कार्कीले भन्नुभयो, 'जबसम्म गरिबी र अशिक्षा रहन्छ, तबसम्म महिलाहरूलाई माथि उठाउन नसकिने भएकोले यी तमाम चुनौतीहरूको सामना गरेरमात्र अवसर सिर्जना गर्न सकिन्छ ।'

पुस १२ गते आयोजित सो कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले गर्नुभएको भएको थियो भने नेपाल सरकारका प्रवक्ता, सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्की प्रमुख अतिथि रहनु भएको थियो । राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुली अतिथि रहनुभएको सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनाली, बरिष्ठ सञ्चारकर्मी बबिता बस्नेत, यूएन वुमनका कार्यक्रम प्रमुख सन्तोष आचार्यको सहभागिता रहेको थियो ।

संविधानप्रदत्त सूचना माग्ने र पाउने आमनागरिकको हकप्रति महिलाहरूलाई जागरूक गराउने तथा सूचनाको हकसम्बन्धी व्यवस्थाबाट महिलाहरूलाई प्रदान गरेका सेवा सुविधाहरूको जानकारी लिन अभिप्रेरित गर्ने उद्देश्यका साथ आयोजना गरिएको सो कार्यक्रममा आयोगका सचिव भागिरथ पाण्डेले सहभागीहरूलाई स्वागत गर्दै नेपालको संविधानको धारा २७ बमोजिम सूचनाको हकलाई कार्यान्वयन गर्न गठित सूचना आयोगले सूचनाको हकको प्रचलन र प्रबर्द्धनका लागि गरिरहेको कार्यबारे उल्लेख गर्दै सूचनाको हकको प्रयोग गरेर महिलाहरूलाई कसरी सशक्त बनाउन सकिन्छ भन्ने विषयमा कार्यक्रममार्फत् उपयुक्त सुझाव प्राप्त हुने अपेक्षा आयोगले बताउनु भयो । कार्यक्रम आयोगका शाखा अधिकृत डिल्लीराम भट्टले सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रमा सूचना आयुक्त कमला ओली थापाले सूचनाको हकमा महिला सहभागिताः चुनौती र अवसर विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा सूचनाको हकको आवश्यकता, सूचनाको हकमा अन्तर्राष्ट्रिय अभ्यास, नेपालको संवैधानिक इतिहासमा सूचनाको हकको व्यवस्था, यसको कानुनी व्यवस्था, सूचनाको हकसम्बन्धी विश्वव्यापी सिद्धान्त, ग्लोवल आर.टी.आई. रेटिङमा नेपालको स्थान, International Conference of Information commissioners (ICIC)मा महिला सहभागिता, सूचनाको हकमा महिला सहभागिताको सम्बन्धमा राष्ट्रिय सूचना आयोगवाट भएका कार्यहरू र सूचनाको हकमा महिला सहभागिताको आवश्यकताका साथै सूचनाको हकमा महिला सहभागिताका चुनौतीहरू र अवसरहरूका बारेमा समेत सूचना आयुक्त थापाले प्रष्ट पार्नु भएको थियो ।

कार्यक्रमउपर टिप्पणी गर्दै युएन वुमनका कार्यक्रम प्रमुख सन्तोष आचार्यले नेपाल संघीय संरचनामा गएपश्चात् कोभिड महामारीपछि सूचनाको हकको महत्व झनै बढेको, सूचनामा महिलाको पहुँच, रेडियोमा महिलाको पहुँच अपाङ्गता भएका महिला र नभएका महिलाहरूमा सूचनाको पहुँच जस्ता विषय समेटिनु पर्ने सुझाव राख्नु भएको थियो ।

त्यसैगरी अर्का टिप्पणीकर्ता बबिता बस्नेतले महिलाहरूले सही सूचना नपाएर पीडित र दोषी हुन परेको घटना उल्लेख गर्दै छोरी मान्छेलाई जहिले जेमा पनि प्रश्न गर्ने परम्पराले सूचना दिने निकायमा रहे पनि सूचना माग्ने अवस्थामा रहे पनि महिलाहरू सूचना दिन र लिन हिच्किचाउने परम्परा रहेको बताउनु भयो । सहभागीहरूबाट कार्यक्रममा उल्लेख गरिएका र सूचनाको हकका विषयमा जिज्ञासा राखिएको थियो ।

कार्यक्रमका अध्यक्षतासमेत गर्नुभएका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले सूचनाको कार्यक्रमका प्रमुख अतिथि, अतिथिलगायत सम्पूर्ण सहभागीहरूलाई धन्यवाद दिंदै सूचनाको हकको प्रयोग गर्न नपाएको अवस्थाबाट महिलाहरू अन्य अवसर र सुविधाबाटसमेत बञ्चित हुनुपरेकोले सूचनाको हकको प्रयोगमा महिलाको सहभागिता बढाउन आयोगले यस किसिमको कार्यक्रम आयोजना गरेको बताउनु भयो । विभिन्न क्षेत्रमा सक्रियरूपमा क्रियाशील महिलाहरूमार्फत् सूचनाको हकको प्रयोग र प्रचलनलाई बढोत्तरी गराउनु पनि कार्यक्रमको उद्देश्य रहेकोले सूचनाको हकका क्षेत्रमा महिलाको सहभागिता बढाउनका लागि प्राप्त सुझाव र प्रतिक्रियाहरूलाई ध्यान दिंदै आयोग आगामी दिनमा अगाडि बढ्ने प्रतिबद्धता प्रमुख सूचना आयुक्त गुरूङ्गले व्यक्त गर्नुभयो ।

कार्यक्रममा विभिन्न सरकारी निकायका प्रतिनिधिहरू, नेपाल बार एशोसियशन, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो । ◆

# आ.व २०७७/०७८ को वार्षिक प्रतिवेदनमा दिइएको सुझावको संक्षिप्त विवरण

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ११ बमोजिम सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि गठित राष्ट्रिय सूचना आयोगले सूचना माग गर्दा नपाएको कारणबाट प्राप्त हुने पुनरावेदनउपर गरेका आदेश, सूचनाको हकको प्रचलनका लागि दिइएका विभिन्न निर्देशन, संरक्षण र सम्बर्द्धनका लागि आगामी दिनमा गर्नु पर्ने नीतिगत तथा कार्यान्वयनगत सुझावहरू समेटी व्यवस्थापिका संसदमा पेश गर्नका लागि सम्माननीय प्रधानमन्त्रीसमक्ष पेश गरेको २०७७/०७८ को प्रतिवेदनमा दिइएका सुझावहरू निम्नबमोजिम रहेको छ ।

- सन् २०३० सम्म संयुक्त राष्ट्र संघले निर्धारण गरेको दिगो विकास लक्ष्य हासिल गर्नका लागि नेपाल योजनाबद्ध रूपमा अगाडि बढिरहेको छ । दिगो विकास लक्ष्य कार्यान्वयनका लागि व्यक्त प्रतिबद्धतालाई कार्यान्वयनमा उतार्नु स्वाभाविक रूपमा त्यति सहज छैन । दिगो विकास लक्ष्यको १६.१०.२ मा रहेको सूचनामा पहुँचसम्बन्धी सूचकाङ्क प्राप्तिका लागि भएको तयारी त्यति सन्तोषजनक नरहेकोप्रति यस आयोगको ध्यानाकर्षण भएको छ । जब कि सूचनाको हकका क्षेत्रमा नेपालमा भएका प्रयासहरू र यस आयोगबाट सम्पादन भएका कार्यहरूका कारण अन्य देशहरूको तुलनामा नेपालको अवस्था त्यति खराब छैन तर यसलाई नेपाल र नेपालीका लागि थप फलदायी बनाउन स्पष्ट कार्ययोजनाका साथ अगाडि बढ्नु पर्ने हुन्छ । तसर्थ, उल्लेखित सूचकाङ्क प्राप्तिका लागि आयोगको संलग्नतामा कार्ययोजना बनाई पर्याप्त बजेट व्यवस्थासहित कार्यान्वयन गर्नेतर्फ सक्रियतापूर्वक लाग्नु पर्ने ।

- सन् २०११ मा पारदर्शी, सहभागितामूलक, समावेशी र जवाफदेही शासन प्रबर्द्धनका लागि सरकारी नेतृत्व र नागरिक समाजका अभियन्ताहरूका बीचको सहकार्यका रूपमा खुला सरकार सहकार्य (Open Government Partnership) सम्बन्धी अभियान शुरू भएको र यसमा हाल ७८ देश र ७६ स्थानीय सरकारहरू सदस्य रहेका छन् । सदस्य हुनमात्र पनि निकै कडा शर्तहरू रहेको यस सहकार्यमा नेपालले सदस्यका लागि आवश्यक शर्त पूरा गरिसकेको अवस्था रहेको हुँदा खुला सरकार सहकार्यमा नेपाल सहभागी हुँदा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको छवी राम्रो देखिन्छ । यसका लागि राष्ट्रिय सूचना आयोगले विगतमा सरोकारवालासँग व्यापक छलफलपश्चात् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएको कार्ययोजना यथावत् रहेको छ । नेपाल सरकारले आयोगले पेश गरेको कार्ययोजनालाई आधार मानेर थप काम गर्न आवश्यक ठानेको हो भने त्यसका लागि आवश्यक सहयोगका लागि आयोग तयार छ ।

- नेपाल सरकारबाट स्वीकृत सूचनाको हक कार्यान्वयनसम्बन्धी अनुगमन निर्देशिका २०७६ बमोजिम प्रधानमन्त्री तथा




मन्त्रिपरिषद्को कार्यालयका सचिवको नेतृत्वमा केन्द्रीय अनुगमन इकाई, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको नेतृत्वमा कार्यान्वयन अनुगमन इकाई, प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवको नेतृत्वमा प्रदेश अनुगमन इकाई र जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला अनुगमन इकाई रहने व्यवस्था तथा ती समिति वा इकाईहरूले नियमित रूपमा सूचनाको हकको कार्यान्वयनको अनुगमन, सहजीकरण तथा समन्वय गरी गराई आयोगमा समेत त्रैमासिक रूपमा प्रतिवेदन पेश गर्ने व्यवस्था रहेको छ । तर यससम्बन्धमा आयोगलाई हालसम्म कुनै पनि प्रतिवेदन प्राप्त भएको अवस्था छैन । यसबाट सूचनाको हक कार्यान्वयनमा प्रतिबद्धता अनुरूप काम नभएको देखिन्छ । तसर्थ, कानून बमेजिम सिर्जना भएका यस्ता समितिहरूलाई सक्रिय बनाई सूचनाको हक कार्यान्वयनलाई सशक्त बनाउनु पर्ने ।

- सूचनाको हकसम्बन्धी कानुनको परिधिभित्र रही सूचना माग गर्न सार्वजनिक निकायमा जाँदा सूचना मागकर्तालाई सहज वातावरण बनाई दिनु पर्नेमा कतिपय सार्वजनिक निकायमा सूचना मागकर्तालाई असहज वातावरण सिर्जना गरिएको, निरूत्साहित गरिएको, दुःख दिइएको, निवेदन दर्ता गर्नमात्र पनि समस्या सिर्जना गरिएको तथा कतिपय अवस्थामा त सूचना मागकर्तामाथि बल प्रयोगसमेत भएका घटनाका जानकारी आयोगमा प्राप्त भइरहेको छ । यस्तो अवस्थाले आयोगलाई स्वाभाविक रूपमा चिन्तित बनाएको छ । कतिपय अवस्थामा आयोगले त्यस्ता सार्वजनिक निकायका प्रमुखसँग समन्वय गरी सूचना मागकर्ताका लागि सहजीकरण गर्ने गरेको छ । सूचनाको हकसम्बन्धी कानुनको पालना गर्ने/गराउने कानुनी दायित्व र जिम्मेवारी सार्वजनिक निकायको भएको हुँदा नागरिकलाई सूचना माग गर्न र प्राप्त गर्न सहज वातावरण बनाउन नेपाल सरकारबाट निर्देशन हुनुपर्ने ।

- सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने व्यवस्था भएबमोजिम यस आयोगले पुनरावेदन तथा उजुरी लिनेबाहेक सूचनाको हकको प्रचलनका लागि प्रचारप्रसारका विभिन्न कार्यक्रमहरू गरिरहनु पर्ने हुन्छ । तर, केही वर्षदेखि आयोगका लागि विनियोजन हुने बजेट निरन्तर रूपमा घटिरहेको कारणबाट अपेक्षित र प्रभावकारी रूपमा कार्यसम्पादन गर्न/गराउन आयोगलाई बाधा पुगिरहेको अवस्था छ । तसर्थ, आयोगको आवश्यकताका आधारमा नेपाल सरकारबाट आयोगसँग छलफल गरी पर्याप्त बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्ने ।

- पारदर्शिता तथा सुशासनका लागि कुनै पनि निकायले रू. २५ हजारभन्दा बढीको भुक्तानी हुनासाथ यस्तो भुक्तानीसम्बन्धी विवरण त्यस निकायको वेबसाइटमार्फत् सार्वजनिक गर्ने गरिएकोमा हाल यस्तो व्यवस्था कार्यान्वयनमा शिथिलता आएको छ । खर्च स्वतः सार्वजनिक गर्ने व्यवस्थाबाट पारदर्शिता र जवाफदेहिता कायम गरी सुशासन कायम गर्न सघाउ पुग्ने हुँदा भइरहेको व्यवस्थाको प्रभावकारी कार्यान्वयन वा नयाँ निर्णय गरी पारदर्शिता र सुशासनका लागि अझ प्रभावकारी व्यवस्था कार्यान्वयनमा ल्याइनु पर्ने ।

- नेपाल सरकारले देशको आर्थिक समृद्धि तथा विकासका लक्ष्य प्राप्तिका लागि ठूलो मात्रामा प्रत्येक वर्ष लगानी गरिरहेको छ । यसरी गरिने लगानीको ठूलो हिस्सा सार्वजनिक खरीदका लागि हुन्छ । सार्वजनिक खरीद पारदर्शी र भ्रष्टाचारमुक्त गराउन सकियो भने मात्र यस्तो लगानीको प्रतिफल उपलब्धीमूलक बन्न सक्छ र राजनैतिक नेतृत्वले अपेक्षा गरेको लक्ष्य प्राप्तिका लागि सहयोग पुग्ने हुन्छ । तसर्थ, सार्वजनिक खरीदको प्रक्रिया सार्वजनिक गर्ने सम्बन्धमा आयोगबाट मिति २०७८।४।२८ मा भएको निर्देशनको पालना र सार्वजनिक खरीदसम्बन्धी नीति तथा कानुन निर्माण गर्दा यथाशक्य पारदर्शी हुने गरी गर्ने व्यवस्था गर्ने ।

- सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम २४ (क) मा सार्वजनिक निकायले ऐनको दफा ६ बमोजिम सूचना अधिकारी तोक्दा सार्वजनिक निकायमा कार्यरत प्रशासकीय प्रमुखले आफूभन्दा दोस्रो वा तेस्रो मुनिको अधिकारीलाई तोक्नु पर्नेछ भनिएकोमा धेरै सार्वजनिक निकायले प्रशासकीय प्रमुखभन्दा धेरै मुनिको अधिकारीलाई सूचना अधिकारीको जिम्मेवारी तोक्ने गरिएको अवस्था छ । यसबाट सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाको परिपालनामा स्वाभाविक असर पर्ने नै भयो । नियममा व्यवस्था भएबमोजिम प्रशासकीय प्रमुखले वरियतामा आफूभन्दा दोस्रो मुनिको अधिकारी तोक्ने व्यवस्था कडाइका साथ लागु गराउने । जस्तै- मन्त्रालयको सचिवपछि सबैभन्दा जेष्ठ सहसचिवलाई सूचना अधिकारी तोक्ने व्यवस्था हुनुपर्ने ।

- सिंहदरबार परिसरभित्र प्रायः मन्त्रालयहरू अवस्थित रहेको र सुरक्षाका कारण सर्वसाधारणलाई परिसरभित्र प्रवेश गर्न सहज र सजिलो छैन । सूचना माग गर्ने नागरिकलाई सूचना माग गर्न सहज बनाउनु सबै सार्वजनिक निकायको दायित्वभित्रै पर्ने हुँदा सिंहदरबारको दक्षिण ढोका प्रवेशद्वारमा सूचनाको हकसम्बन्धी डेस्क राखी सूचनाको हकसम्धमा प्राप्त आवेदन दर्ता गरी निस्सा प्रदान गर्ने, प्राप्त आवेदन सम्बन्धित निकायमा पुऱ्याउने र सार्वजनिक निकायबाट प्राप्त सूचना सूचना मागकर्तालाई उपलब्ध गराउने व्यवस्था मिलाउने ।

- सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २७ ले दफा ३ उपदफा ३ सँग सम्बन्धित सूचनाको संरक्षणका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा एक समिति रहने व्यवस्था गरेको छ । तर हालसम्म यस व्यवस्थाको कार्यान्वयन हुन सकेको अवस्था छैन । वर्गीकरणका लागि आयोगले पटकपटक निर्देशन तथा अनुरोध गरेको छ । वर्गीकरण गर्दा सार्वजनिक निकायहरूलाई सूचना उपलब्ध गर्न गराउन सहज हुने हुँदा अविलम्ब यो कार्य सम्पन्न गर्नु पर्ने ।

- नेपालको संविधानको धारा ६ अनुसार "नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन्" भनिएको छ भने धारा ७ को उपधारा २ मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भनिएको छ । भाषा आयोगले हालै पेश गरेको आफ्नो वार्षिक प्रतिवेदनमा पनि सूचना प्रवाह गर्दा मातृभाषाको प्रयोग गर्न सिफारिश गरेको छ । सार्वजनिक निकायबाट सम्पादन हुने क्रियाकलापहरूबारेमा जानकारी सार्वजनिक गर्दा नेपाली भाषाका साथसाथै अन्य राष्ट्रभाषामा समेत गर्ने गर्दा सबै भाषाभाषीसमेत मूलधारमा समेटिने, भिन्नभिन्न भाषिक समुदायलाई राज्यका नीतिबारे बुझाउन सकिने तथा राज्यका क्रियाकलापमा उनीहरूको स्वामित्व ग्रहण हुने र लक्षित वर्गमा पुग्ने हुन्छ । तसर्थ, सार्वजनिक निकायहरूले त्यस्तो भाषाको बाहुल्यता भएका क्षेत्रहरू पहिचान गरी ती भाषामा समेत सूचना दिने र प्रवाह गर्नु पर्ने ।

- सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३८ मा "यसको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ" भन्ने व्यवस्था भएकोमा सूचनाको हकसम्बन्धी नियमावली २०६५ मा आयोगको परामर्शबिना नै २०७७ सालमा तेस्रो संशोधन भएको अवस्था छ । यसबाट कानुन पालना गर्नु/गराउनु पर्ने निकायबाट नै कानुनको पालना नहुँदा अरूलाई कानुन पालना गर्न/गराउन बाधा पुग्ने देखिन्छ । तसर्थ, नियमावली संशोधन गर्दा आयोगसँग परामर्श नलिई संशोधन नगर्ने ।

- सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि स्थापित राष्ट्रिय सूचना आयोगको कार्यप्रकृति, आवश्यकता र महत्वलाई ध्यानमा राखी सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम २० को उपनियम २ मा "नेपाल सरकारले निजामति सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको कुनै अधिकृतलाई आयोगको सचिवको रूपमा काम गर्न तोक्नेछ" भन्ने व्यवस्था गरेको र सोहीअनुरूप नेपाल सरकारले कानुन सेवाको विशिष्ट श्रेणीका अधिकृतलाई आयोगको प्रशासकीय प्रमुखका रूपमा तोक्दै आएको थियो । आयोगको आवश्यकताको विश्लेषण तथा आयोगसँग कुनै परामर्श, सल्लाह वा छलफल नै नगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७/०७/२५ मा पत्र लेखी अचानक प्रशासकीय

प्रमुखका रूपमा निजामति सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत रहने निर्णय भएकोप्रति आयोगले मिति २०७७/०८/११ को बैठकबाट असहमति प्रकट गरिसकेको छ । तसर्थ, आयोगको कार्यप्रकृति तथा आवश्यकतालाई ध्यानमा राखी आयोगको सचिवालयको प्रमुखका रूपमा निजामति सेवाको कानुन सेवाको विशिष्ट श्रेणीको अधिकृत नै रहने व्यवस्था गर्नु पर्ने ।

- आयोग स्थायी प्रकृतिको भएको र हालसम्म पनि आफ्नो जग्गा वा भवन नभएकोले भाडामा बस्नु परिरहेको अवस्था छ । फेरि प्रत्येक वर्ष भाडा वृद्धि भई नै रहेको हुन्छ । भाडाकै कारण आयोग एक स्थानबाट अर्को स्थानमा सर्नु पर्ने अवस्था पनि आउने गरेको छ । सेवाग्राहीलाई स्थायी ठेगाना दिन नसकिएको अवस्था रहेका कारण सेवा प्रवाहमा बाधा पर्ने गरेको छ भने बर्षेनी ठूलो रकम भाडाका रूपमा खर्च गरिरहनु पर्दा देशको लागि अनावश्यक व्ययभार बढ्दै गइरहेको छ । आयोगले आयोगका लागि स्थायी रूपमा आयोगकै नाममा रहने गरी भवन उपलब्ध गराउन वा निर्माण गरिदिन सम्पर्क मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारलाई पटकपटक अनुरोध गरिसकेको छ । तसर्थ, यथाशीघ्र नेपाल सरकारले आयोगका लागि उपयुक्त भवन वा जग्गा उपलब्ध गराई भवन निर्माण गर्ने व्यवस्था गर्ने ।

- नेपालको संविधानको मौलिक हक खण्डअन्तर्गतको धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ । सूचनाको हकलाई विशिष्ट हक पनि भनिन्छ । विशिष्ट यस अर्थमा कि संविधानप्रदत्त अन्य हक वा अधिकारको उपभोगका लागि सूचनाको हकको प्रयोग गर्न सकिन्छ । विश्वभरि नै आम बन्दै गएको सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारका बारेमा राष्ट्रिय सूचना आयोगबाट सम्पादन भएका गतिविधि तथा कार्यहरू वार्षिक प्रतिवेदनका रूपमा सम्माननीय प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका संसदमा छलफलका लागि प्रस्तुत हुनुपर्ने कानुनी व्यवस्थाबमोजिम यो प्रक्रिया पूरा हुँदै आएको छ । अपितु, नागरिकलाई संवैधानिक रूपमा प्रत्याभूत गरिएको विशिष्ट व्यवस्था तथा त्यसको कार्यान्वयनको अवस्थाबारे व्यवस्थापिका संसदमा पर्याप्त छलफल हुन नसकेको भन्ने आमगुनासो रहँदै आएको छ । अतः आयोगबाट प्रस्तुत प्रतिवेदनमाथि व्यवस्थापिका संसदमा पर्याप्त छलफल र बहसका लागि नेपाल सरकारबाट आवश्यक पहल हुनु पर्ने देखिन्छ । ◆

# सूचनाको हक कार्यान्वयनका लागि बजेट व्यवस्था गर्ने सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीको प्रतिबद्धता

सूचनाको हकको कार्यान्वयनको विषयमा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री माननीय त्रिलोचन भट्टसँग राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्ले २०७८ मंसिर ५ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भेट गर्नु भयो ।



सो अवसरमा मुख्यमन्त्री भट्टले सहजरूपमा सूचना दिने वातावरण बनाउन आफू लागिपरेको बताउँदै सूचना मागकर्तालाई बिनाझन्झट सूचना उपलब्ध गराउन तथा सम्पूर्ण सार्वजनिक निकायहरूलाई स्वतःप्रकाशन गर्न लगाउने प्रतिबद्धता व्यक्त गर्नु भयो । नागरिकलाई बलियो बनाउने विषयलाई सुदूरपश्चिम प्रदेश सरकारले सकारात्मक रूपमा लिएको बताउँदै मुख्यमन्त्री भट्टले सूचनाको उपयोग गर्ने गराउने र सूचनाको हकसम्बन्धी कानुन समयानुकूल बनाउनु पर्ने सुझाव दिँदै सूचनाको हकको कार्यान्वयनका लागि बजेट व्यवस्था गर्न प्रदेश सरकार तयार रहेको पनि बताउनु भयो ।

प्रमुख सूचना आयुक्त गुरुङ्ले सूचनाको हकको कार्यान्वयनका लागि प्रदेश सरकारको प्रतिबद्धता आवश्यक रहेकोले त्यसका लागि आवश्यक सहयोग र समन्वयका लागि मुख्यमन्त्री भट्टलाई अनुरोध गर्नु भयो । प्रदेश मन्त्रालयहरूको वेबसाइट अपडेट गर्ने तथा स्वतःप्रकाशन नियमित रूपमा गर्नेतर्फ प्रमुख सूचना आयुक्त गुरुङ्ले मुख्यमन्त्री भट्टसँग अनुरोध गर्नु भएको थियो । ◆

# ‘जनप्रतिनिधि पनि सूचनाको हकसम्बन्धी कानुनको दायरामा’

राष्ट्रिय सूचना आयोगले प्युठान जिल्लाका सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, आमसञ्चारकर्मी, कर्मचारीहरूसँग आयोजना गरेको सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम २०७८ साल मंसिर २ गते सम्पन्न भयो । आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्को अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको प्रमुख अतिथि जिल्ला समन्वय समिति प्युठानका प्रमुख केशवराज आचार्य र जिल्ला समन्वय समिति प्युठानका उपप्रमुख पदम थापा विशेष अतिथि रहनु भएको थियो ।




कार्यक्रममा आफ्नो मन्तव्य राख्दै प्रमुख अतिथि जिल्ला समन्वय समिति प्युठानका प्रमुख केशवराज आचार्यले सूचनाको हक नागरिकको मौलिक हक रहेको हुँदा यसको पालना गर्न गराउन सबै लाग्नु पर्ने विचार व्यक्त गर्नु भयो । सूचना अधिकारीले सूचना नदिए कार्यालय प्रमुखसँग सम्पर्क राख्न पनि आचार्यले अनुरोध गर्नु भयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्ले सूचनाको हकको प्रावधान २०४७ को संविधानदेखि नै प्रवेश पाएता पनि कार्यन्वयनमा आउन जनआन्दोलनपश्चात्को संसद कुर्नु परेको, त्यो संसदले सूचनाको हकसम्बन्धी कानुन २०६४ सालमा जारी गरेपश्चात्मात्र यथार्थ रूपमा कार्यन्वयनमा आएको बताउनु भयो । सूचनाको हकको संवैधानिक र कानुनी व्यवस्थाबारे कार्यालय प्रमुख तथा सूचना अधिकारीहरू जानकार रहेको तर कार्यान्वयनमामात्र केही समस्या रहेको उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरुङ्ले कानुनी व्यवस्थाको पालना गर्नु/गराउनु सबैको कर्तव्य भएकोमा जोड दिनुभयो । सूचनाको हकको प्रयोग गरी प्राप्त भएको निवेदनमा कुनै पनि सार्वजनिक निकायले तोक लगाउनु नपर्ने, इमेलबाटसमेत सूचना माग्न र उजुरी गर्न पाइने, suchanaadhikari नाममा इमेल बनाउनु पर्ने, स्वतःप्रकाशन नियमित रूपमा गर्नु पर्ने (स्वतःप्रकाशनको टेम्पलेट प्रयोग गर्न सकिने, सजिलो रहेको), सूचनासम्बन्धी अभिलेख राख्नु पर्ने बताउँदै प्रमुख सूचना आयुक्त गुरुङ्ले सूचना उपलब्ध गराउने मुख्य जिम्मेवारी कार्यालय प्रमुखको रहेको स्पष्ट गर्नुभयो ।

सूचनाको हकसम्बन्धी विषयमा थप जानकारी लिन आवश्यक भए आयोगको वेबसाइट, फेसबुक पेज र ट्वीटर ह्याण्डलमा हेर्न, १० पेजको निःशुल्क सूचना उपलब्ध गराएपछिमात्र शुल्क दाखिला गर्न लगाउन तथा सूचना मागकर्तालाई सहजीकरण गर्न प्रमुख सूचना आयुक्त गुरुङ्ले निर्देशन दिनु भयो ।

गत वर्ष ७३ प्रतिशतभन्दा बढी स्थानीय तहसँग सम्बन्धित पुनरावेदन आयोगमा परेको उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरुङ्ले नागरिकले माग गरेको सूचना उपलब्ध नगराउने २९ सार्वजनिक निकायका प्रमुखमाथि कारवाही भएको बताउनु भयो । कारवाही कसैमाथि गर्नु नपरोस् भन्ने धारणा आयोगको रहेकोले नागरिकले माग गरेको सूचना तत्काल उपलब्ध गराउन सार्वजनिक निकायका सूचना अधिकारी र कार्यालय प्रमुखलाई आग्रह गर्दै प्रमुख सूचना आयुक्त गुरुङ्ले सूचनाको हकसम्बन्धमा बजेट तथा कार्यक्रम राखी सूचना प्रवाहलाई सहजीकरण गर्न, सूचना अधिकारीलाई सुविधा दिन तथा तालिम कार्यक्रम अयोजना गर्न विशेष गरी स्थानीय तहलाई अनुरोध गर्नु भयो ।

सहभागीहरूले राखेका जिज्ञाशा तथा सुझावहरूलाई पनि प्रमुख सूचना आयुक्त गुरुङ्ले सम्बोधन गर्नु भएको थियो । कानूनी राज्यका नागरिक भएकोले कानुनको पालना गर्नबाट कसैले छुट नपाउने बताउँदै प्रमुख सूचना आयुक्त गुरुङ्ले सहभागीहरू, सञ्चारकर्मी तथा जनप्रतिनिधि र विशेष गरी जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुखप्रति आभार व्यक्त गर्नु भयो । प्रमुख सूचना आयुक्त गुरुङ्ले प्युठान जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई कार्यक्रम आयोजना गरी सफल बनाइदिनु भएकोमा धन्यवाद दिनु भयो ।

राष्ट्रिय सूचना आयोगका सचिव भागीरथ पाण्डेले कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हकको संवैधानिक तथा कानुनी व्यवस्था, आयोगको भूमिका, सूचना अधिकारीको काम, कर्तव्य र अधिकार, जरिवाना र क्षतिपूर्तिको व्यवस्था तथा प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी र कार्यक्रमबाट आयोगले राखेको अपेक्षाका सम्बन्धमा विस्तृत रूपमा व्याख्या गर्नु भएको थियो ।

प्युठान जिल्लाका प्रमुख जिल्ला अधिकारी खिमलाल भुसालले प्युठान जिल्लामा सूचनाको हकको कार्यान्वयनको अवस्था राम्रो रहेको बताउँदै सूचना दिन सबै सार्वजनिक निकायका प्रमुखहरूलाई निर्देशन दिनु भयो ।

कार्यक्रममा झिमरूक गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत कमल प्रसाद भुसाल, हुलाक कार्यालयका प्रमुख ढक बहादुर डाँगी, पत्रकार महासंघ प्युठानका पूर्व अध्यक्ष गिर प्रसाद भण्डारी, पत्रकार महासंघ प्युठानका अध्यक्ष सज्जय रिजाल, हुतराज भट्टराई, प्युठान नगरपालिकाका सूचना अधिकारी आशिष पोखरेल, जिल्ला समन्वय समितिको कार्यालयकी नायव सुब्बा राधा गिरीलगायतले जिज्ञासा र सुझावहरू राख्नु भएको थियो ।

कतिपय सार्वजनिक निकायले स्वतःप्रकाशन गर्ने नगरेको, सूचना अधिकारीलाई सूचना नै उपलब्ध नहुने अवस्था रहेको, आमनागरिकसम्म सूचनाको हक पुग्न नसकेको, सूचना अधिकारीको दरबन्दी नै सिर्जना गर्न आवश्यक भएको, भएभरको सूचना माग गर्दा मुश्किल हुने गरेकोजस्ता जिज्ञाशाहरू सहभागीका तर्फबाट व्यक्त भएका थिए । आयोगका शाखा अधिकृत डिल्लीराज भट्टले सञ्चालन गर्नुभएको सो कार्यक्रममा आयोगका उपसचिव बाबुराम खनालले सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । ◆



# सूचनाको हक कार्यान्वयनमा प्रदेश प्रमुखको प्रतिबद्धता

सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख माननीय देवराज जोशीसँग राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ले सूचनाको हकको कार्यान्वयनका सन्दर्भमा प्रदेश प्रमुखको निवासमा २०७८ मंसिर ५ गते भेट गर्नु भयो । भेटघाटका क्रममा प्रदेश प्रमुख माननीय देवराज जोशीले नागरिकलाई बलियो एवम् समृद्ध बनाउने संवैधानिक तथा कानुनी व्यवस्थाप्रति आफ्नो प्रतिबद्धता रहेको बताउँदै सूचनाको हकको कार्यान्वयनका लागि आवश्यक सहयोग रहने विश्वास प्रमुख सूचना आयुक्त गुरूङ्लाई दिलाउनु भयो ।

सो अवसरमा प्रमुख आयुक्त गुरूङ्ले सूचनाको हकको संवैधानिक तथा कानुनी व्यवस्था, यसको आवश्यकता, कार्यान्वयनको अवस्था र अपेक्षाका बारेमा जानकारी गराउनु भयो । प्रमुख आयुक्त गुरूङ्ले आयोगले सम्पादन गरिरहेको कार्य र प्रदेश नेतृत्वबाट अपेक्षा गरिएको सहयोग र प्रतिबद्धताका वारेमा अवगत गराउनु भएको थियो । ◆

# सुदूरपश्चिम प्रदेश मन्त्रालयका सचिवहरुसँग अन्तरक्रिया

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग सुदुरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा २०७८ मंसिर ५ गते आयोजित सचिवहरूसँगको अन्तरक्रिया कार्यक्रममा सहभागी हुनुभयो । सो कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख आयुक्त गुरूङ्ले सूचना अधिकारी तोक्ने, स्वत:प्रकाशन गर्ने तथा मन्त्रालयका वेबसाइट अपडेट गर्ने कार्य नभएको हुँदा अपडेट गर्ने, स्वत:प्रकाशन नियमित रूपमा गर्ने, सूचना माग भएको, उपलब्ध गराएको विवरणको लगत राख्न तथा सूचना दिने वातावरण बनाउन निर्देशन दिनु भयो ।

सूचना जुनसुकै विषयमा माग्न पाइने नागरिकको मौलिक हकमा शङ्का वा अवरोध नगर्न र सूचना अधिकारीलाई सक्षम बनाउन छुट्टै बजेट व्यवस्था गर्ने गराउन पनि प्रमुख सूचना आयुक्त गुरूङ्ले अनुरोध गर्नु भयो । सो अवसरमा सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव मधुसुदन बुर्लाकोटीले वेबसाइट अपडेट गरी जानकारी दिन तथा माग भएका सूचना उपलब्ध गराउन र स्वत:प्रकाशन नियमित गर्न सबै सचिवहरूलाई निर्देशन दिनु भयो । सुदूरपश्चिमका सबै मन्त्रालयका सविचहरूको उपस्थिति रहेको सो कार्यक्रममा सहभागी सबै मन्त्रालयका सचिवहरूले आफ्नो मन्त्रालयको अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो । सो कार्यक्रमपछि सबै मन्त्रालय र मातहतका निकायहरूले सूचनाको हक सम्बन्धी प्रचलित कानुनबमोजिम स्वत:प्रकाशन सम्बन्धी विवरण नियमित रूपमा तोकिएको ढाँचामा तयार गरी वेबसाइटमार्फत् प्रकाशित गर्ने, सूचनाको हक कार्यान्वयनसम्बन्धी अनुगमन निर्देशिका २०७६ बमोजिमको प्रदेश अनुगमन इकाईको कामकारवाहीलाई प्रभावकारी ढङ्गबाट अघि बढाउने, कार्यालयबाट भएका महत्वपूर्ण निर्णयहरूसहित नियमित रूपमा वेबसाइट अपडेट/अद्यावधिक गर्ने, सबै सार्वजनिक निकायहरूले अनिवार्य रूपमा आ-आफ्ना निकायमा सूचना अधिकारी र प्रवक्ता तोक्ने, सूचनाको हक कार्यान्वयनसम्बन्धी कार्यलाई सहज, सरल र प्रभावकारीढङ्गबाट सञ्चालन गर्न सम्बन्धित मन्त्रालयले आवश्यक बजेट व्यवस्था गर्न पहल गर्ने निर्णयसमेत गरिएको छ । ◆



# सूचनाको हकको प्रबर्द्धनमा लुम्बिनी प्रदेशका मुख्यमन्त्रीको प्रतिबद्धता

सूचनाको हकको कार्यान्वयनमा प्रदेश सरकारको सक्रियताका लागि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री माननीय कुलप्रसाद केसीसँग २०७८ माघ १६ गते भेट गरी महत्वपूर्ण छलफल भयो । बुटवलस्थित लुम्बिनी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको सो भेटमा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचनाको हकसम्बन्धी कानुनी प्रावधान, यसको महत्व, अन्तर्राष्ट्रियस्तरमा भएका असल अभ्यास तथा सूचनाको हकको कार्यान्वयनमा राष्ट्रिय सूचना आयोगबाट भएका कार्यहरूबारे लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री कुलप्रसाद केसीलाई जानकारी गराउने कार्य भयो ।

नेपालको संविधान २०७२ मा सूचनाको हकलाई नागरिकको विशिष्ट मौलिक हकका रूपमा उल्लेख गरिएको तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली २०६५ जारी भई कार्यान्वयनमा रहेको

जानकारी मुख्यमन्त्री माननीय कुलप्रसाद केसीलाई जानकारी गराउँदै सूचना आयुक्त मैनालीले नागरिकको विशिष्ट संवैधानिक हकका रूपमा स्थापित हक सूचनाको हकको कार्यान्वयनलाई अझै सहज बनाउन आवश्यक बजेट र सहयोगको अपेक्षा आयोगले लुम्बिनी प्रदेश सरकारबाट गरेको बताउनु भयो । देश संघीयता कार्यान्वयनमा गइसकेको अवस्थामा प्रादेशिक सूचना आयोग गठन गर्न राष्ट्रिय सूचना आयोगले नेपाल सरकारलाई सुझाव दिएको स्मरण गदै सूचना आयुक्त मैनालीले प्रदेशस्तरमा सूचनाको हकसम्बन्धी कानुन



बनाउन, प्रादेशिक सूचना आयोग गठन गर्न अथवा प्रदेश मुख्यमन्त्री कार्यालय मातहत राष्ट्रिय सूचना आयोगको शाखा वा सम्पर्क कार्यालय स्थापनाका लागि आवश्यक पहलका लागि माननीय मुख्यमन्त्रीको ध्यानाकर्षण गराउनु भयो । सूचनाको हकको सम्मान गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको जनाउँदै मुख्यमन्त्री माननीय कुलप्रसाद केसीले सूचनाको हकको कार्यान्वयनका लागि आफूले यथाशक्य पहल गर्ने बताउनु भयो । प्रादेशिक सूचना आयोग गठन गर्दा व्यवस्थापकीय हिसावले कति सम्भव छ भन्ने विषयमा आफूले प्रदेशका माननीय मन्त्रीहरू तथा सरोकारवालाहरूसँग गम्भीर छलफल गरी छिट्टै निष्कर्षमा पुग्ने बताउँदै मुख्यमन्त्री माननीय कुलप्रसाद केसीले सूचनाको हकको प्रबर्द्धनका लागि आवश्यक बजेट र सूचना आयोगको सम्पर्क वा शाखा कार्यालय स्थापनाका लागि तत्काल पहल गर्ने बताउनु भयो ।

सूचनाको हकको कार्यान्वयनमा देखाएको प्रतिबद्धताका लागि मुख्यमन्त्री माननीय कुलप्रसाद केसीज्यूलाई सूचना आयुक्त मैनालीले धन्यवाद ज्ञापन गर्नुभयो ।



# सूचनाको हकको कार्यान्वयनमा युवा तथा खेलकुद मन्त्रालयको सक्रियताको प्रसंशा

युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा मन्त्रालय र मातहतका निकायमा सूचनाको हक कार्यान्वयनसम्बन्धी गोष्ठी २०७८ मंसिर २६ गते सम्पन्न भयो । युवा तथा खेलकुद मन्त्रालयको हलमा आयोजित सो कार्यक्रम मन्त्रालयका सचिव डा. दामोदर रेग्मीको अध्यक्षता र राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । मन्त्रालयका उपसचिव यमेन्द्र उपाध्यायले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको कार्यक्रममा सूचना आयुक्त रत्नप्रसाद मैनाली र युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले सूचनाको हकको प्रयोग र प्रचलनका बारेमा कार्यपत्रसहित मन्तव्य राख्नु भएको थियो ।

सूचनाको हकको कार्यान्वयनका लागि युवा तथा खेलकुद मन्त्रालयले देखाएको सक्रियताको प्रशंसा गर्दै अन्य मन्त्रालय र सार्वजनिक निकायले पनि युवा तथा खेलकुद मन्त्रालयलेजस्तै सक्रियता देखाए सुशासन प्रबर्द्धनमा सहयोग पुग्ने विश्वास सूचना आयुक्त मैनालीले व्यक्त गर्नुभयो ।

आधारभूत कानुनी दायित्व पनि पूरा गर्न नसके नागरिकलाई कानुन पालना गर भन्ने नैतिक अधिकार नहुने उल्लेख गर्दै कानुन कार्यान्वयन गर्ने निकायमा रहेका जिम्मेवार राष्ट्रसेवकहरूले सुशासन र पादर्शिता कायम राख्न पूरा गर्नुपर्ने न्यूनतम् कानुनी प्रावधानको सम्मान गर्न पनि कानुनले व्यवस्था गरेको सूचना अधिकारी तोक्ने र स्वतः प्रकाशन ३/३ महिनामा नियमित प्रकाशन गर्न आयुक्त मैनालीले आग्रह गर्नुभयो । आयोगका क्रियाकलाप तथा सूचनाको हकको प्रयोगमा अन्तर्राष्ट्रियस्तरमा भएका असल अभ्यासबारे चर्चा गर्दै सूचना आयुक्त मैनालीले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनु भएको थियो ।

प्रस्तुतीकरणसहित आफ्नो मन्तव्य राख्ने क्रममा मन्त्रालयका सचिव डा. रेग्मीले सूचना अधिकारी र राष्ट्रिय सूचना आयोगबीच जीवन्त समन्वय आवश्यक रहेकोमा जोड दिंदै सूचनाहरू नियमितरूपमा अद्यावधिक गर्न नसके सूचना पाटी राख्नुको कुनै अर्थ नरहेकोले मातहतका निकायलाई सूचना पाटी अद्यावधिक गर्न निर्देशन दिनुभयो । युवा तथा खेलकुद मन्त्रालयले प्रत्येक वर्ष सूचनाको हकको बारेमा अन्तर्क्रियात्मक कार्यक्रम गर्ने गरेको बताउंदै सचिव डा. रेग्मीले जसले सूचना माग गर्नुपर्ने हो उसलाई सूचनाको हकसम्बन्धी कानुनी प्रावधानबारे जानकारी नभएकोले यस्तो परिपाटीको अन्त्य हुनुपर्ने तथा सूचनाको हकलाई दुरूपयोग गर्नेलाई कार्वाही हुनुपर्ने बताउनु भयो ।

कार्यक्रममा मन्त्रालयका सहसचिवहरू डा. कमलप्रसाद पोखरेल, विष्णुराज ढकाल, राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद्, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, नेपाल स्काउटका प्रतिनिधिलगायत मन्त्रालयका कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा भएको प्रस्तुतीकरण आफूहरूका लागि उपयोगी भएको बताउँदै सहभागीहरूबाट सूचनाको हकको कार्यान्वयनमा प्रतिबद्धता व्यक्त भएको थियो । ◆

# सूचना माग गरिएको निवेदन दर्ता गर्दा तोक नलगाउन निर्देशन



राष्ट्रिय सूचना आयोगको आयोजनामा महोत्तरी जिल्लास्थित सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी, कर्मचारीहरूसँग २०७८ मंसिर १३ गते सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सूचना आयुक्त रत्नप्रसाद मैनालीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको प्रमुख अतिथि जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुरेशकुमार सिंह रहनु भएको थियो ।

कार्यक्रममा सूचनाको हकको प्रचलन र प्रयोगका विषयमा कार्यपत्र पेश गर्दै सूचना आयुक्त मैनालीले जिल्लास्थित कार्यालयका प्रमुख र सूचना अधिकारीको आधारभूत दायित्व विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हक संवैधानिक र कानूनी रूपमा व्यवस्था भएको नागरिक अधिकार भएको बताउनु भयो । सूचना माग गर्दै गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलाग्ने बताउँदै सूचना आयुक्त मैनालीले सूचना माग गरिएको निवेदन दर्ता गर्दा तोक लगाउने व्यवस्था नगर्न निर्देशन दिनुभयो । हुलाक, इमेल, फ्याक्सबाट पनि निवेदन दिन सकिने भएकोले अनिवार्य रूपमा इमेल चेक गर्न, ३/३ महिनामा स्वतःप्रकाशन गर्न, सूचना माग गरेको, इन्कार गरेको, उजुरी गरेको पुनरावेदन परेको जस्ता विषय समेट्ने गरी छुट्टै रजिष्टर राख्ने व्यवस्था मिलाउन जिल्लाका कार्यालय प्रमुखहरूलाई आयुक्त मैनालीले निर्देशन दिनु भयो ।

सूचना माग भएको, दिइएको र दिन इन्कार गरिएको बारेमा मासिक रूपमा प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउन, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्न र सूचना प्रवाहलाई सहजीकरण गर्न, जिल्लास्थित सार्वजनिक निकाय वा संस्थाहरूबाट सम्पादन भएका सूचनाको हकसम्बन्धी कार्यक्रमबारेको सूचना र जानकारी फोटोसहित राष्ट्रिय सूचना आयोगमा पठाउन सूचना आयुक्त मैनालीले आग्रह गर्नु भयो ।

जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुरेशकुमार सिंहले सूचनाको हक लोकतन्त्रको गहना भएको बताउँदै कुशासन र भ्रष्टाचारको दुष्चक्रबाट मुक्त हुन यो महत्वपूर्ण रहेको बताउनुभयो । सूचनाको हकबाटै सरोकारवाला निकायले के गर्दै छन् भन्ने जानकारी नागरिकले पाउने हुँदा यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लैजाउनु पर्ने, अझ स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समुदाय र समूहहरूसम्म सूचनाको हकका बारेका कार्यक्रम पुऱ्याउन सके सुशासन कायम गर्न मद्दत पुग्ने धारणा जिसस प्रमुख सुरेशकुमार सिंले राख्नुभयो ।

राष्ट्रिय सूचना आयोगका सचिव भागिरथ पाण्डेले सूचनाको हक कार्यान्वयनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै प्रवाह नगरिने सूचनाहरूबारे सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा ३ मा व्यवस्था गरिएको बताउँदै सूचना प्रवाह नगर्नका लागि ती धाराको दुरूप्रयोग गर्न नहुने बताउनु बताउनु भयो । नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था र अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा वौद्धिक सम्पतिको संरक्षण वा व्यापारिक गोपनियतामा गम्भीर आघात पार्ने, विभिन्न जातजाति वा सम्प्रदायबीचको सम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने, व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने विषयमात्र प्रवाह नगर्नु पर्ने सूचना रहेको उल्लेख गर्दै सचिव पाण्डेले सूचना मागकर्ताले मागेको सूचना सम्भव भए तत्काल र नभए १५ दिनभित्र दिनु पर्ने तर जीउज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टा भित्र उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्थाबारे उल्लेख गर्नुभयो ।

> सूचनाको हकबाटै सरोकारवाला निकायले के गर्दै छन् भन्ने जानकारी नागरिकले पाउने हुँदा यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लैजाउनु पर्ने, अझ स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समुदाय र समूहहरूसम्म सूचनाको हकका बारेका कार्यक्रम पुऱ्याउन सके सुशासन कायम गर्न मद्धत पुग्ने ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहालले सूचना माग गर्ने अधिकार संविधान तथा कानुनले नागरिकलाई प्रत्याभूत गरेको र यसको कार्यान्वयनका लागि प्रत्येक कार्यालयका कार्यालय प्रमुख र सूचना अधिकारीको अनिवार्य दायित्व रहेको बताउँदै महोत्तरी जिल्लामा सूचना अधिकारी तोक्न सबै कार्यालय प्रमुखलाई निर्देशन दिनु भयो । सूचना मागकर्तालाई बिनाझन्झट सहज ढङ्गले सूचना उपलब्ध गराउन आफू प्रतिबद्धत रहेको प्रजिअ दाहालले बताउनु भयो ।

कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्दै आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायले नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आंशिक सूचनामात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरूद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी, निवेदन तथा पुनरावेदन गर्न पाउने व्यवस्थाका रहेको बताउनु भयो ।

महोत्तरी जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले स्थानीय तहका सूचनाहरू उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालयमा निवेदन आउने गरेकोले स्थानीय तहहरूसम्म सूचनाको हकसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकेको खण्डमा सूचना प्रवाहमा सहजता हुन सक्नेतर्फ राष्ट्रिय सूचना आयोगको ध्यानाकर्षण गराउँदै सूचना अधिकारी नतोकिएको भए तत्काल सूचना अधिकारी तोक्न जिल्लास्थित सार्वजनिक निकायका प्रमुखहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ महोत्तरीका सभापति कमलेश मण्डल, ध्रुवकुमार झा, राकेश चौधरी, लक्ष्मीनिया ठाकुर, गणेश मिश्रलगायतका सहभागीबाट राखिएको जिज्ञासाको जवाफ सूचना आयुक्त रत्नप्रसाद मैनालीले दिनुभएको थियो । आयोगका कानुन अधिकृत सञ्जीव कुमार अधिकारीले सञ्चालन गर्नुभएको कार्यक्रममा ९३ जनाको सहभागिता रहेको थियो । ◆

# सूचना प्रवाह गर्न कन्जुस्याइँ नगर्न आग्रह

राष्ट्रिय सूचना आयोगले कैलाली जिल्लाका सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, आमसञ्चारकर्मी, कर्मचारीहरूसँग २०७८ मंसिर २७ गते सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला ओली थापाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा धनगढी नगरपालिकाका कार्यवाहक प्रमुख माधव राना प्रमुख अतिथि रहनु भएको थियो ।

सूचना आयुक्त कमला ओली थापाले सही सत्य र तथ्य सूचना प्रवाह गर्ने सन्दर्भमा कन्जुस्याइँ नगर्न सार्वजनिक निकायलाई आग्रह गर्दै सूचना मागकर्ता र सूचनादाताबीचको सम्बन्ध सुदृढ रहनुपर्नेमा जोड दिनुभयो । सूचनाको हक संवैधानिक र कानुनी रूपमा व्यवस्था गरिएको नागरिक अधिकार भएकोले सूचना माग गर्दै गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलिन, निवेदनमा तोक लगाउने व्यवस्था नगर्न तथा हुलाक, इमेल, फ्याक्सबाट पनि निवेदन लिन, ३/३ महिनामा स्वतःप्रकाशन नियमित गर्न, सूचना माग गरेको, इन्कार गरेको, उजुरी गरेको पुनरावेदन परेकाजस्ता विषयहरू समेट्ने गरी छुट्टै रजिष्ट्रर राख्न र यसको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउन, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्न र सहजीकरण गर्न आग्रह गर्नुभयो । कार्यक्रममा सहभागीहरूबाट उठाइएका प्रश्नको जवाफ दिँदै सूचना आयुक्त थापाले मन्तव्य राख्नुभएको थियो ।

प्रमुख अतिथि धनगढी नगरपालिकाका कार्यवाहक प्रमुख माधव रानाले सूचनाको हकसम्बन्धी कानुन १३१ भन्दा बढी देशमा लागु भएको २०६४ सालमा ऐन र २०६५ सालमा नियमावली बनेपश्चात् सूचनाको हक कार्यान्वयनका लागि विद्यमान ऐनमा भएको व्यवस्थाबाटै सूचना उपलब्ध गराएमा पारदर्शीता कायम भई सुशासनका लागि मद्दत पुग्ने बताउनु भयो । मागकर्ताले माग गरेको सूचना छिटोछरितो र भरपर्दो तरिकाले उपलब्ध गराउन स्थानीय तहहरूमा सूचना अधिकारी तोकिएको उहाँले बताउनु भयो । सूचना नपाएको खण्डमा सूचना उपलब्ध गराउन नगर प्रमुखलाईसमेत आग्रह गर्नुपर्ने भनाइ राख्दै कार्यवाहक प्रमुख रानाले अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरेकोमा राष्ट्रिय सूचना आयोगलाई धन्यवाद दिनु भयो । कार्यक्रममा आफ्नो मन्तव्य राख्दै कैलाली जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी हिरालाल चौधरीले सूचना आयोगले धनगढी जिल्लामा कार्यक्रम आयोजना गर्न छनौट गरेकोमा धन्यवाद दिनुभयो ।

कार्यालय प्रमुख र सूचना अधिकारीहरूलाई सूचना दिन कार्यक्रमबाट प्रेरणा मिलोस भन्दै निमित्त प्रजिअ चौधरीले सूचना भनेको मानव जीवनको परिपुरक भएको बताउनु भयो । टेलिभिजन, रेडियो सुन्न नपाउँदा जसरी छटपटी हुन्छ त्यसैको अनुभव सूचनाको अभाव हुँदा मानव जीवन अन्धकार हुने बताउँदै सूचना माग्ने काम सञ्चारकर्मीको मात्र नभई सूचना माग गर्ने सुविधा कानुनले प्रदान गरेको बताउनु भयो ।




कार्यक्रममा सूचनाको हक र कार्यान्वयनको सम्बन्धमा आयोगका सचिव भागिरथ पाण्डेले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतिका क्रममा प्रवाह नगरिने सूचनाहरू दफा ३ को उपदफा (३) बमोजिममात्र रहेको बताउँदै सचिव पाण्डेल सम्भव भएसम्म सूचना मागकर्ताले माग गरेको स्वरूपमै सूचना उपलब्ध गराउनु कुननी व्यवस्थाबारे उल्लेख गर्नुभयो ।

कार्यक्रमका सहभागीलाई स्वागत गर्दै आयोगका उपसचिव विश्वबन्धु पौडेलले नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आंशिक सूचनामात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरूद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी, निवेदन तथा पुनरावेदन गर्न पाउने कानुनी व्यवस्थाबारे बताउनु भयो ।

सहभागी वीरेन्द्र भट्टले सूचना माग गर्ने नागरिकप्रति सूचना अधिकारी र कार्यालय प्रमुखहरूले राम्रो व्यवहार गर्ने नगरेको तथा सूचना दिने नचाहने प्रवृत्ति रहेको बताउँदै धनगढी उपमहानगरपालिकाले नै सूचना माग गरिएको निवेदन फिर्ता गरेको बताउनु भयो । सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल नेपाल सुदुरपश्चिमका प्रेम ढुङ्गानाले कानुनले सूचना दिनुपर्छ भने पनि सरकारी निकायका प्रमुखले सूचना दिन इन्कार गर्ने गरेको बताउँदै नागरिकले कर तिरेको पैसा कहाँ खर्च भयो भनेर जान्न खोज्दा त्यस्तो सूचना दिन इन्कार गर्ने प्रवृत्तिले सुशासन र पारदर्शीता कायम हुन नसक्ने बताउनु भयो । कार्यक्रममा ९६ जनाको सहभागिता रहेको थियो । ◆

## स्वतःप्रकाशन गर्न निर्देशन

सूचनाको हकको कार्यान्वयनको अवस्थाबारे दालखा जिल्लास्थित विभिन्न सार्वजनिक निकायमा राष्ट्रिय सूचना आयोगबाट २०७८ पुस ७ गतेदेखि ११ गतेसम्म अनुगमन भयो । जिल्ला प्रशासन कार्यालय, भिमेश्वर नगरपालिका, नापी कार्यालय र जिल्ला स्वास्थ्य कार्यालयमा गरिएको अनुगमनमा आयोगका सचिव भागिरथ पाण्डेय, नासुद्दय हेमन्त रिज्याल र लक्ष्मण अर्यालको सहभागिता रहेको थियो ।

अनुगमन गरिएका चारवटै सरकारी कार्यालयले सूचना अधिकारी तोकेको पाइयो भने दुई वटा कार्यालयले स्वतःप्रकाशन गर्ने गरेको पाइयो । नापी कार्यालय तथा स्वास्थ्य कार्यालयले सूचना अधिकारी तोकेको तर सूचना अधिकारीको फोटो र नाम स्पष्ट हुने गरी फ्ल्याक्स बोर्ड नराखेको र स्वतःप्रकाशन पनि गरेको नपाइएकोले ती निकायलाई सर्वसाधारण नागरिकहरूले देखिने स्थानमा सूचना अधिकारीको फोटो र नाम स्पष्ट हुने गरी फ्ल्याक्स बोर्ड राख्न तथा स्वतःप्रकाशन गर्न निर्देशन दिने कार्य भयो ।

# सूचना नदिने पशुपति विकास कोषका प्रमुखलाई १५ हजार जरिवाना

संविधानप्रदत्त सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारलाई उल्लङ्घन गर्ने पशुपति विकास कोषका प्रमुख कार्यकारी अधिकृत डा. घनश्याम खतिवडालाई राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐनको दफा ३२ को उपदफा १ बमोजिम रू. १५ हजार जरिवाना गरेको छ ।

झापा जिल्ला, बाह्रदशी गाउँपालिका- १० स्थायी ठेगाना भई हाल काठमाडौं निवासी बलबहादुर प्रधानले **पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला, काठमाडौंका कार्यालय प्रमुखले आफूसँग सरोकारको विषयमा माग गरेको सूचना उपलब्ध नगराएपछि** राष्ट्रिय सूचना आयोगमा पुनरावेदनपछि आयोगबाट सूचना उपलब्ध गराउन पटकपटक




आदेश र पत्राचार हुँदासमेत सूचना उपलब्ध नगराएपछि पुनरावेदकले दफा ३२ बमोजिम कार्वाहीको माग गर्दै उजुरी गर्नु भएको थियो । सूचनाको हकसम्बन्धी कानुनबमोजिम मनासिब कारणबिना सूचना दिन अटेर गरेको तथा कानुनबमोजिम सफाइको मौका दिँदासमेत कानुनबमोजिम जवाफ दिन तथा सूचना दिने तत्परता नदेखाएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम पशुपति विकास कोषका सदस्य सचिव डा. घनश्याम खतिवडालाई रू १५,०००।- (पन्ध्र हजार) जरिवाना गरी **पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला, काठमाडौंसँग** भएको सूचना पुनरावेदकलाई उपलब्ध गराइदिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाउनसमेत आयोगको २०७८ साल कार्तिक १५ गतेको इजलाशले आदेश गरेको हो ।

साथै सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम पशुपति विकास कोषका कार्यालय प्रमुख डा. घनश्याम खतिवडालाई गरेको जरिवाना असुलउपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउन, पशुपति क्षेत्र विकास कोषका कार्यालय प्रमुख, कार्यकारी निर्देशक डा. घनश्याम खतिवडाले दिनु पर्ने सूचना बिनाकारण दिन ढिलाई गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन रू. २०० (दुई सय) का दरले जरिवाना हुने तथा पुनरावेदकले सूचना माग गरेकै कारणबाट विपक्षी सार्वजनिक निकायले पुनरावेदकउपर कारबाही गर्ने प्रक्रिया प्रारम्भ गरेको भए त्यस्तो कार्य नगर्नु/नगराउनु भन्ने जानकारी विपक्षीलाई दिनसमेत आयोगले आदेश गरेको छ । ◆

## कर्मचारीको सरुवा

राष्ट्रिय सूचना आयोगको योजना शाखामा कार्यरत उपसचिव बाबुराम खनालको स्वास्थ्य बिमा बोर्ड टेकुमा काज सरुवा भएको छ । २०७८ कात्तिकदेखि यस आयोगमा कार्यरत उपसचिव खनाल आयोगमा करीव ४ महिना कार्यरत रहनु भएको थियो ।



# ‘सूचना मागकर्तासँग सहज र मैत्रीपूर्ण व्यवहार आवश्यक’



राष्ट्रिय सूचना आयोगबाट सप्तरी जिल्लाका सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी, कर्मचारीहरूसँग २०७८ मंसिर १५ गते सूचनाको हकसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो । आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादव रहनु भएको थियो ।

सो कार्यक्रममा जिल्लास्थित कार्यालय प्रमुख र सूचना अधिकारीको आधारभूत दायित्व विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचना आयुक्त मैनालीले सूचनाको हक संवैधानिक र कानूनी रूपमा व्यवस्था भएको नागरिक अधिकार भएको बताउनु भयो । सूचना माग गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलिन, निवेदनमा तोक लगाउने व्यवस्था नगर्न तथा हुलाक, इमेल र फ्याक्सबाट पनि सूचना माग गर्न सकिने भएकोले सोही अनुसार सूचना माग गर्ने नागरिकमैत्री वातावरण बनाउन जिल्लाका कार्यालय प्रमुख र सूचना अधिकारीहरूलाई आयुक्त मैनालीले आग्रह गर्नुभयो ।

अनिवार्य रूपमा इमेल नियमित चेक गर्न, ३/३ महिनामा स्वत:प्रकाशन गर्न, सूचना माग गरेको, इिएको, दिन इन्कार गरेको, उजुरी गरेको तथा पुनरावेदन परेको जस्ता विषयहरू समेट्ने गरी छुट्टै रजिष्ट्रर राख्न निर्देशन दिंदै यसको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउन, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्न र उनीहरूलाई सहजीकरण गर्न, जिल्लास्थित सार्वजनिक निकाय वा संस्थाहरूबाट सम्पादन हुने तथा भएका सूचनाको हकसम्बन्धी क्रियाकलापबारेको सूचना र जानकारी फोटोसहित राष्ट्रिय सूचना आयोगमा पठाउने व्यवस्था मिलाउन उहाँले आग्रह गर्नुभयो ।

> सुखी नेपाली समृद्ध नेपाल निर्माणका सूचनाको हक प्रभावकारी हतियार भएको ले पारदर्शिता र सुशासन कायम गर्न मद्धत पुग्ने हुनाले सूचना छिटोछरितो र भरपर्दो तरिकाले उपलब्ध गराउनुपर्ने ।

कार्यक्रमका प्रमुख अतिथि तथा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवले सूचनाको हक कार्यान्वयनका लागि विद्यमान ऐनमा भएको व्यवस्थाबाटै सूचना उपलब्ध गराएमा पारदर्शिता र सुशासन कायम गर्न मद्दत पुग्ने हुनाले सूचना छिटोछरितो र भरपर्दो तरिकाले उपलब्ध गराउनुपर्नेमा जोड दिनु भयो । सुखी नेपाली समृद्ध नेपाल निर्माणका लागि प्रभावकारी हतियार सूचनाको हककाबारेमा सप्तरी जिल्लामा कार्यक्रम आयोजना गरी सूचना मागकर्ता र आपूर्तिकर्तालाई एकै ठाउँमा भेला गराई अन्तरक्रियात्मक कार्यक्रम गरेकोमा जिसस प्रमुख यादवले आयोगलाई धन्यवाद दिनुभयो ।

सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले सूचना माग गर्ने नागरिकको अधिकारलाई संविधान तथा कानूनले प्रत्याभूत गरेको र यसको कार्यान्वयनका लागि प्रत्येक कार्यालयका कार्यालय प्रमुख र सूचना अधिकारीको अनिवार्य दायित्व रहेकोले जिल्लास्थित सबै सार्वजनिक निकायका कार्यालय प्रमुखलाई सूचना अधिकारी तोक्न निर्देशन दिंदै सूचना मागकर्तालाई बिनाझन्झट सूचना उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा आयोगका सचिव भागिरथ पाण्डेले सूचनाको हक कार्यान्वयनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतिका क्रममा प्रवाह नगरिने सूचनाहरू दफा ३ को उपदफा ३ बमोजिम रहेको बताउँदै सचिव पाण्डेले सार्वजनिक निकायमा सूचना प्रवाह गर्न सूचना अधिकारीको व्यवस्था गरी निजलाई नियमितरूपमा सूचना उपलब्ध गराउनु कार्यालय प्रमुखको दायित्व रहेको बारे चर्चा गर्नुभयो । सूचना मागकर्ताले मागेको सूचना सम्भव भए तत्काल र नभए १५ दिनभित्र दिनुपर्ने बताउँदै सचिव पाण्डेले जीउज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टाभित्र उपलब्ध गराउनु र सम्भव भएसम्म मागेको स्वरूपमै सूचना उपलब्ध गराउनु पर्ने बताउनु भयो ।

सहभागीलाई स्वागत गर्दै र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायले नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आंशिक सूचनामात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरूद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी, निवेदन तथा पुनरावेदन गर्न पाउने अधिकार नागरिकलाई रहेको उल्लेख गर्नुभयो ।

पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देवले महोत्तरी जिल्लामा सूचना उपलब्ध नगराउने, बाढीको क्षतिको विवरणबारे ३/३ महिनामा सूचना सार्वजनिक गर्ने नगरिएको विषय प्रस्तुत गर्दै यस्ता विषयहरूको सम्बोधन गरी आगामी दिनमा सूचनाको हकको कार्यान्वयनको लागि सूचना उपलब्ध गराउनु पर्ने, जिल्लास्थित सबै स्थानीय तहले आफ्नो वेबसाइट अपडेट गर्नुपर्ने, स्वत:प्रकाशन अनिवार्य गराउनु पर्नेलगायत विषयमा चर्चा गर्नु भएको थियो । सहभागीहरूको जिज्ञासा राख्ने क्रममा जिल्ला अदालत सप्तरीका रजिष्ट्रार कुमार मास्केले कार्यक्रम आयोजना गरेकोमा सूचना आयोगलाई धन्यवाद दिंदै आफ्नो कार्यालयले टोल फ्रि नम्बरबाट सूचना उपलब्ध गराउने, विभिन्न सञ्चार माध्यमबाट सूचनाको हकसम्बन्धी जानकारीहरू प्रसारण गर्ने गरेको बताउनुभयो ।

एकदराज भट्टराई, चन्दन यादव, कैलाश माझी, राजु मिश्र, हेकशङ्कर सिंह, मनोजकुमार यादवलगायतका सूचनाको हकका अभियन्ता र कार्यालय प्रमुख तथा सूचना अधिकारीहरूले सप्तरी जिल्लामा सूचना माग गर्दा र सूचना प्रदान गर्दाका जटिलताबारे जिज्ञासा राख्नु भएको थियो । आयोगका कानुन अधिकृत सञ्जीव कुमार अधिकारीले सञ्चालन गर्नुभएको कार्यक्रममा १३६ जनाको सहभागिता रहेको थियो । ◆




# ‘सरकार, जनप्रतिनिधि, कर्मचारीलाई जवाफदेही बनाउन सूचना प्रवाह आवश्यक’

राष्ट्रिय सूचना आयोगले भीमदत्त नगरपालिका, कञ्चनपुरका स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समुदाय र समूहसहितको सहभागितामा २०७८ मंसिर २८ गते सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला ओली थापाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा भिमदत्त नगरपालिकाका मेयर सुरेन्द्र बिष्ट प्रमुख अतिथि रहनु भएको थियो ।

कार्यक्रममा सूचना आयुक्त कमला ओली थापाले सही र सत्यतथ्य सूचना प्रवाह गर्ने सन्दर्भमा सार्वजनिक निकायले कन्जुस्याइँ नगर्न आग्रह गर्दै सूचना मागकर्ता र सूचनादाताबीचको सम्बन्ध सुदृढ रहनुपर्ने कुरामा जोड दिनुभयो । कार्यक्रमका प्रमुख अतिथि तथा भीमदत्त नगरपालिकाका मेयर सुरेन्द्र विष्टले सूचनाको हक कार्यान्वयनमा भीमदत्त नगरपालिकाले गर्ने मुख्यमुख्य कार्यहरू सूचना पाटी, वेबसाइट, सामाजिक सञ्जाललगायत विभिन्न माध्यमबाट सूचना प्रवाह गर्ने गरेको तथा बिल, भरपाईलगायत सबै विषयहरू सार्वजनिक गर्नुपर्ने बताउनु भयो । सरकार, जनप्रतिनिधि, कर्मचारीहरूलाई जवाफदेही, पारदर्शी, उत्तरदायी, सुशासनयुक्त बनाउन सूचना दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

> बिल, भरपाईलगायत सबै विषयहरू सूचना पाटी, वेबसाइट, सामाजिक सञ्जाललगायत विभिन्न माध्यमबाट सार्वजनिक गर्नुपर्ने तथा सरकार, जनप्रतिनिधि, कर्मचारीहरूलाई जवाफदेही, पारदर्शी, उत्तरदायी, सुशासनयुक्त बनाउन सूचना दिनुपर्ने ।

भीमदत्त नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिबहादुर चन्दले सूचनाको हक कार्यान्वयनमा नगरपालिका क्रियाशील रहेको बताउँदै सार्वजनिक निकायले कस्ता सूचना दिनुपर्ने र कस्तो दिनु नपर्ने भन्ने स्पष्ट हुनुपर्ने बताउनु भयो ।

आयोगका सचिव भागिरथ पाण्डेले सूचनाको हक कार्यान्वयन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै केही अपवादबाहेक कानुनले सूचना प्रवाहलाई प्रोत्साहन गरेको बताउनु भयो । जीउज्यानको

सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टाभित्र उपलब्ध गराउनु पर्ने तथा सम्भव भएसम्म सूचना मागकर्ताले मागेकै स्वरूपमा सूचना उपलब्ध गराउनु पर्ने उल्लेख गर्दै सचिव पाण्डेले सूचना माग गर्ने र माग गरेको सूचना उपलब्ध नभएमा आयोगमा पुनरावेदन गर्ने विधि र प्रक्रियाका बारेमा बताउनु भयो ।

कार्यक्रमका सहभागीलाई स्वागत गर्दै आयोगका उपसचिव विश्वबन्धु पौडेलले नागरिकले माग गरेका सूचना कानुनले व्यवस्था गरेबमोजिम सम्भव भएसम्म तत्कालै उपलब्ध गराउनुपर्ने बताउनु भयो ।

वीरेन्द्र सिंह (कानुन अधिकृत) कस्ता प्रकृतिको सूचना कसरी दिने र लिने भन्नेसम्बन्धमा सूचनाको स्पष्ट वर्गीकरण गर्न सके सूचना प्रवाह सजिलो हुने बताउनु भयो । सञ्चारकर्मी होम योगीले इमेलबाट सूचना माग गर्न पाइने वा नपाइने ? भन्ने प्रश्न राख्नु भयो । अर्का सञ्चारकर्मी विष्णु अवस्थीले २ वर्ष अघि ९ वटा स्थानीय तहमा सूचना माग गर्दा ३ वटा स्थानीय निकायले मात्र दिएको, सामान्य प्रकृतिको २ वटा सूचनामात्र दिएको बताउँदै सूचना दिएमा हामी विग्रन्छौं भन्ने भावना कर्मचारीमा रहेकोले अझै जनचेतनामूलक कार्यक्रम आयोजना गर्नुपर्ने बताउनुभयो ।

हिमाल चन्द (वडाध्यक्ष) ले संविधान अनुसार प्रत्येक नागरिकलाई सूचनाको हक भए पनि मागकर्ताले निश्चित अवधिको सबै सूचना माग गर्दा उपलब्ध गराउन व्यावहारिक समस्या देखिएकोले स्पष्ट सूचना माग गरेको खण्डमा सूचना उपलब्ध गराउन पनि सजिलो हुने धारणा राख्नुभयो । कार्यक्रममा ८८ जनाको सहभागिता रहेको थियो । ◆




# सूचना अधिकारी तोकियो, स्वतःप्रकाशन नियमित छैन

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीबाट २०७८ साल कात्तिक १ गते कैलाली जिल्लामा सूचनाको हकको कार्यान्वयनको अवस्थाबारे प्रमुख जिल्ला अधिकारीसँग जानकारी लिने र आवश्यक निर्देशन दिने कार्य भयो ।

सो अवसरमा जिल्ला प्रशासन कार्यालय कैलालीका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल, सहायक प्रमुख जिल्ला अधिकारी हिरालाल चौधरी, जिल्ला प्रशासन कार्यालय कैलालीका सूचना अधिकारीको जिम्मेवारी पाउनु भएका प्रशासकीय अधिकृत शिवराज जोशी, जिल्ला हुलाक कार्यालय कैलालीका तर्फबाट कार्यालयका सूचना अधिकारी भागरथी भट्टलगायत जिल्लास्थित सरकारी कार्यालयका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

सो अवसरमा जिल्लाका अधिकांश सार्वजनिक निकायमा सूचना अधिकारी तोकिएको प्रजिअ खगेन्द्रप्रसाद रिजालले जानकारी गराउनुभयो । स्वतः प्रकाशनलाई नियमित गर्न भने पनि त्यसको अवस्थाबारे एकीन जानकारी आफूले नपाएको प्रजिअ रिजालले बताउनु भयो ।

सूचना अधिकारी नतोकिएका सार्वजनिक निकायमा सूचना अधिकारी तोक्न, स्वतः प्रकाशनलाई नियमित गर्न तथा सोको अनुगमनसमेत गर्न आग्रह गर्दै सूचनाको हकको कार्यान्वयनलाई सहज बनाउन, सूचना माग भई आएका उजुरीको लगत राख्न, माग भई आएको सूचना उपलब्ध गराइएको वा नगराइएको लगत चुस्तदुरूस्त राख्न र सो को बोधार्थ राष्ट्रिय सूचना आयोगमा नियमित रूपमा पठाउन, जिल्लामा रहेका सार्वजनिक निकायमा कार्यरत कार्यालय प्रमुखहरूसँग सूचनाको हकको कार्यान्वयनको अवस्था र समस्याबारे सकेसम्म महिनाको एक पटक छलफललाई अनिवार्य बनाउन आग्रह गर्दै सूचनाको हकको विषयमा जिल्लामा भएका गतिविधिहरू राष्ट्रिय सूचना आयोगलाई जानकारी दिन पनि सूचना आयुक्त मैनालीले आग्रह गर्नुभयो । ◆

सूचना मेरो अधिकार बुलेटिनको (साउन-असोज २०७८) मा वर्ष २ अंक १ हुनुपर्नेमा अन्यथा भएकोले सच्चाइएको छ ।



# 'सार्वजनिक निकायका क्रियाकलापमा नागरिक सहभागिता सुनिश्चित गर्न सूचनाको हक प्रभावकारी'

राष्ट्रिय सूचना आयोग र सामुदायिक सारथीको संयुक्त आयोजनामा काभ्रे जिल्लाका स्थानीय तहमा सूचनाको हक कार्यान्वयनको अवस्था : चुनौति र अवसर विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथि रहनु भएका राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङले लोकतान्त्रिक पद्दतिमा सार्वजनिक निकायले गर्ने सबै क्रियाकलापमा नागरिकलाई सहभागी गराउन सूचनाको हकसम्बन्धी संवैधानिक र कानूनी व्यवस्था भएको बताउनु भयो । अन्तर्राष्ट्रिय स्तरमा नै मान्यता प्राप्त भएको सूचनाको हकको कार्यान्वयनबाट सुशासन कायम गर्न तथा सार्वजनिक निकायलाई नागरिकप्रति जवाफदेही र उत्तरदायी बनाई पारदर्शीता कायम गर्न सकिनेमा प्रमुख सूचना आयुक्त गुरूङले जोड दिनुभयो ।



नागरिकले जुनसुकै विषयमा पनि सूचना माग गर्न पाउने बताउँदै प्रमुख सूचना आयुक्त गुरूङले कानुनी हिसावले दिन मिल्ने वा नमिल्ने छुट्टयाउने जिम्मेवारी सार्वजनिक निकायको हुने र अन्तिम निर्णय गर्ने अधिकार कानुनले सूचना आयोगलाई दिएको हुँदा नागरिक अधिकारप्रति संवेदनशील भई सूचना उपलब्ध गराउन सकारात्मक भूमिका निर्वाह गर्न कार्यालय प्रमुख र सूचना अधिकारीलाई अनुरोध गर्नुभयो ।

सार्वजनिक निकायका कागजातहरू अभिलेखबद्ध बनाई राख्न, सूचना अधिकारीलाई सहजीकरण गर्न, स्वतःप्रकाशन गर्न, माग भएको सूचना उपलब्ध गराउन तथा प्रशिक्षण र अन्तरक्रियाका लागि नियमित बजेट छुट्टयाउन स्थानीय तहका जिम्मेवारी पदाधिकारीलाई आग्रह गर्दै जनप्रतिनिधिहरूले सूचनाको हकको कार्यान्वयनमा सहजीकरण तथा नेतृत्व लिनुपर्ने र नागरिकमैत्री प्रशासनका लागि पहल गर्नुपर्ने विचार प्रमुख सूचना आयुक्त गुरूङले राख्नुभयो ।

कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै सामुदायिक सारथीका कार्यकारी निर्देशक तारा बहादुर भण्डारीले काभ्रे जिल्लाका स्थानीय तहहरूले स्वतःप्रकाशन, बार्षिक बजेट तथा कार्यक्रमप्रकाशन, नागरिकको सहभागिता, सार्वजनिक सुनुवाइको विषय, वेबसाइट अपडेट गर्ने विषयमा सन्तोषजनक अवस्था नरहेको देखिएको उल्लेख गर्दै सूचनाको हकको अवस्था र पारदर्शीता तथा सहभागिता सम्बन्धी सर्वेक्षणका परिणामहरू बारेमा प्रस्तुतीकरण राख्नु भएको थियो ।

सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था, सूचना आयोगको भूमिका, सूचनाको हकको अवस्था, स्थानीय तहको भूमिका अब गर्नुपर्ने विषयहरूका बारेमा राष्ट्रिय सूचना आयोगका सचिव भागीरथ पाण्डेले आफ्नो प्रस्तुतीकरणमा व्याख्या गर्नुभएको थियो । सूचनाको हकको संवैधानिक तथा कानुनी व्यवस्थाका पछाडि भएका क्रियाकलाप तथा प्रावधान राखिनु पछाडिका मूलभूत उद्देश्य तथा कारण र अहिलेको अवस्था तथा सूचनाको हकका क्षेत्रमा स्थानीय तहले गर्नुपर्ने कार्यका बारेमा फ्रिडम फोरमका कार्यकारी निर्देशक तारानाथ दाहालले विस्तृत व्याख्या गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीका तर्फबाट धुलिखेल नगरपालिकाका सूचना अधिकारी बलराम धिमाल, नमोबुद्ध नगरपालिकाका बिनोद रसाइली, बनेपा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कविराज उप्रेती, पनौति नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद वाग्लेले जिज्ञासा तथा सुझाव राख्नु भएको थियो ।

> अन्तरक्रियाका लागि नियमित बजेट छुट्टयाउन स्थानीय तहका जिम्मेवारी पदाधिकारीलाई आग्रह गर्दै जनप्रतिनिधिहरूले सूचनाको हकको कार्यान्वयनमा सहजीकरण तथा नेतृत्व लिनुपर्ने र नागरिकमैत्री प्रशासनका लागि पहल गर्न प्रमुख सूचना आयुक्त गुरूङद्धारा ध्यानाकर्षण ।

जिल्ला समन्वय समिति काभ्रेका प्रमुख उद्धव के.सी, भुल्लु गाउँपालिकाका अध्यक्ष गुमानध्वज कुँवर, बेथानचोक गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर तिम्सिना, पाँचखाल नगरपालिकाका उपप्रमुख लक्ष्मी सुनुवारले सूचनाको हकसम्बन्धमा मन्तव्य राख्नुभएको कार्यक्रमको अध्यक्षता गर्नुभएकी सामुदायिक सारथीका अध्यक्ष कृष्णप्यारी नकर्मीले कार्यक्रमबाट स्थानीय तहलाई थप जिम्मेवार, जवाफदेही र पारदर्शी बन्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै कार्यक्रम समापन गर्नु भएको थियो । ◆

# ‘स्थानीय सरकार नागरिक अधिकारप्रति सबैभन्दा उत्तदायी हुन आवश्यक’

राष्ट्रिय सूचना आयोगले २०७८ मंसिर १६ गते धनगढीमाई नगरपालिका सिरहाका स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी समुदाय र सरोकारवालाहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा धनगढीमाई नगरपालिकाका प्रमुख हरिनारायण चौधरी प्रमुख अतिथि रहनु भएको थियो । कार्यक्रममा सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचनाको हक र नागरिक निगरानी विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हक संवैधानिक र कानूनी रूपमा व्यवस्था भएको नागरिक अधिकार भएकोले यसको कार्यान्वयन गर्नु कानुनी दायित्व रहेकोमा जोड दिनुभयो ।



स्थानीय सरकारको नागरिकसँग जीवन्त सम्बन्ध हुने भएकोले स्थानीय तहका जनप्रतिनिधि, कार्यालय प्रमुख र सूचना अधिकारी नागरिक अधिकारप्रति सबैभन्दा उत्तदायी हुन आवश्यक रहेकोले सूचनाको हकका बारेमा नागरिक चेतना वृद्धि गर्न कार्यक्रम सफल हुने विश्वास आयुक्त मैनालीले व्यक्त गर्नु भयो ।

शासन/प्रशासनमा नागरिकको निगरानी हुन सके भ्रष्टाचारजन्य कार्य रोकिन सक्ने विश्वासका साथ सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक अधिकारलाई संवैधानिक रूपमा व्यवस्था गरिएको उल्लेख गर्दै आयुक्त मैनालीले सूचना माग गर्दै गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलाग्ने भएकोले निवेदनमा तोक लगाउने व्यवस्था नगर्न तथा हुलाक, इमेल, फ्याक्सबाट पनि सूचनाको अधिकारको उपभोग गर्न सकिने बताउनु भयो । ३/३ महिनामा स्वत:प्रकाशन गर्नुपर्ने, सूचनामाग गरेको इन्कार गरेको, उजुरी गरेको पुनरावेदन परेको जस्ता विषयहरू समेट्ने गरी छुट्टै रजिष्ट्रर राख्ने व्यवस्था मिलाउन कार्यालय प्रमुखहरूलाई आग्रह गर्दै उहाँले यसको मासिक प्रतिवेदन राष्ट्रिय आयोगमा पठाउन, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्न र सहजीकरण गर्न ध्यानाकर्षण गराउनु भयो ।

कार्यक्रमका प्रमुख अतिथि धनगढीमाई नगरपालिकाका प्रमुख हरिनारायण चौधरीले सूचनाको हकको कार्यान्वयनका लागि नगरपालिकाले गर्ने सम्पूर्ण गतिविधिशहरू सार्वजनिक गर्ने गरेको, सबै सूचनाहरू छिटोछरितो र भरपर्दो तरिकाले उपलब्ध गराउनका लागि प्रविधिमैत्री तवरले वेबसाइट र फेसबुक पेजजस्ता सामाजिक सञ्जालका माध्यमबाट सूचना सार्वजनिक गर्ने गरेको बताउनु भयो । धनगढीमाई नगरपालिकामा सूचना आयोगले कार्यक्रम आयोजना गरी सूचना मागकर्ता र आपूर्तिकर्तालाई एकै ठाउँमा भेला गराई अन्तरक्रियात्मक कार्यक्रम गरेकोमा आयोगलाई धन्यवाद दिंदै सूचनाको हकको कार्यान्वयनमा आफ्नो प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रम सफलताको शुभकामना दिंदै कार्यक्रमकी अतिथि धनगढीमाई नगरपालिकाका उपप्रमुख फूलकुमारी श्रेष्ठले पूर्व जानकारी नदिई नगरपालिकाले कुनै पनि कार्यक्रम गर्ने नगरेको बताउँदै सुसूचित हुन पाउने नागरिक अधिकारको सम्मान गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा मन्तव्य राख्दै धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपाल बगालेले सूचना मागकर्ताले इमेलबाट सूचना माग्ने गरेको, सूचना उपलब्ध गराउनका लागि छुट्टै सूचना अधिकारीको दरवन्दी सिर्जना गरेको खण्डमा कार्यालयको काममा बाधा नपर्ने, सूचनाको हकसम्बन्धी ऐन, नियम समयसापेक्ष रूपमा परिमार्जन हुनुपर्ने, सम्बन्धित सरोकारवालाभन्दा बाहिरका मानिसहरूले सूचना माग गर्ने गरेको कस्तो सूचना उपलब्ध गराउन मिल्ने र कस्तो नमिल्नेजस्ता विषयमा आयोगबाट छिट्टै सूचनाको वर्गीकरण गराएको खण्डमा सूचना उपलब्ध गराउन सहजता हुने बताउनुभयो ।

सूचनाको हकको कार्यान्वयन सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै आयोगका सचिव भागिरथ पाण्डेले प्रवाह नगरिने सूचना, सूचना अधिकारीको व्यवस्था, कार्यालय प्रमुखको दायित्वबारे बताउनु भयो । आवश्यक परेमा सूचना शाखाको व्यवस्था गर्न सकिने बताउँदै सचिव पाण्डेले सूचना मागकर्ताले मागेको सूचना मागेकै स्वरूपमा सम्भव भएसम्म तत्काल उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्थाबारे उल्लेख गर्नुभयो । सूचना अधिकारी र कार्यालय प्रमुखसँग सूचना माग गर्ने प्रक्रियाबारे उल्लेख गर्दै सचिव पाण्डेले सूचना माग गरेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना उपलब्ध नगराए राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिनुपर्ने बताउनु भयो ।

सहभागीहरूलाई स्वागत गर्दै आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायले सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयनमा पनि सार्वजनिक निकायहरू र त्यसमा पनि उक्त निकायका प्रमुखको भूमिका महत्वपूर्ण रहने बताउँदै कार्यालय प्रमुख, सूचना अधिकारी र आमसरोकारवालाहरूलाई सूचनाको हकसम्बन्धी विषयमा जानकारी गराउन, निजहरूले निर्वाह गर्नुपर्ने विषयमा जनचेतना जगाउन, सूचनाको हकसम्बन्धी विषयका द्विविधालाई एउटै थलोबाट सम्बोधन गर्ने कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो ।

कार्यक्रममा सुरजकुमार यादव (७ नम्बर वडा सदस्य), वीरबहादुर खुलाल (११ नम्बर वडा सदस्य), सावित्रा साह (सूचना अधिकारी), कृष्णकुमार यादव (४ नम्बर वडा सचिव), जीवनारायण यादव, राजु श्रेष्ठ, आषिश विश्वकर्मा (सञ्चारकर्मी), नितु सिंह, रमेश साह, लगायतका सहभागीले सूचनाको हकको प्रयोग र प्रचलनका बारेमा जिज्ञासा राख्नुभएको थियो । सहभागीहरूबाट राखिएका जिज्ञासाहरूको जवाफसहित कार्यक्रमको अध्यक्षतासमेत गर्नुभएका सूचना आयुक्त रत्नप्रसाद मैनालीले कार्यक्रम समापन गर्नुभएको थियो । आयोगका कानुन अधिकृत सञ्जीप अधिकारीले सञ्चालन गर्नुभएको कार्यक्रममा १०० जनाको सहभागिता रहेको थियो । ◆

## आयोगको बैठक र निर्णय

बैठक नं. २६६(३)२६ मिति: २०७८।०९।२१

**निर्णय**

१. आयोगको बार्षिक कार्यक्रमहरूमध्ये हालसम्म ४ वटा जिल्लास्तरीय र ३ वटा स्थानीय तहस्तरीय सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको जानकारी भयो । कार्यक्रम उपलब्धीमूलक रहेको र सहभागिता पनि उत्साहजनक रहेको तथा यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइनु पर्ने देखियो । सूचनाको हकमा महिलासम्बन्धी अन्तरक्रिया कार्यक्रम "सूचनाको हकमा महिला सहभागिता : चुनौती र अवसर विषयक" राष्ट्रिय गोष्ठी उल्लेख्य सहभागिता साथ सम्पन्न भएको समेत जानकारी भयो । बाँकी यस्ता कार्यक्रमहरू समयमै सम्पन्न गर्ने गरी कार्यक्रम तय गर्दै जाने निर्णय भयो ।

२. आयोगबाट प्रकाशित हुने आर.टी.आई. जर्नलका लागि प्राप्त लेखहरूको बारेमा छलफल भयो । यही पुस मसान्तभित्र लेखहरू सङ्कलन, अध्ययन तथा मूल्याङ्कन गरी छपाइमा जाने निर्णय भयो ।

३. माघमा प्रकाशन हुने बुलेटिन तथा प्रकाशनका लागि तयारी गर्ने निर्णय भएको छ ।

४. आयोगका कार्यक्रम तथा भ्रमणसम्बन्धी प्रतिवेदनहरू वेबसाइटमा राख्न बाँकी भए राख्ने निर्णय भयो ।

५. सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस, सेप्टेम्बर २८ मा सम्पन्न "दिगो विकास लक्ष्य सूचनामा पहुँच (१६.१०.२) को अवस्था र कार्यदिशा विषयक राष्ट्रिय गोष्ठी" को प्रतिवेदन र देहायबमोजिमको सिफारिस राष्ट्रिय योजना आयोगमा पठाउने ।
दिगो विकास लक्ष्यको सूचनामा पहुँचसम्बन्धी सूचकाङ्क १६.१०.२ को कार्यान्वयन दिगो विकास लक्ष्य प्राप्तिका लागि र लोकतान्त्रिक पद्धतिमा नागरिक सर्वोच्चता तथा सुशासन कायम गर्न आवश्यक र महत्वपूर्ण रहेको दिगो विकास लक्ष्य कार्यान्वयनका लागि तयार भएको फ्रेमवर्कमा उल्लेखित सूचकाङ्क प्राप्त गर्न पर्याप्त ध्यान पुग्न नसकेको महसुस गरी थप र स्पष्ट राष्ट्रिय लक्ष्य निर्धारण र कार्यान्वयन गर्न, कार्ययोजना बनाउन राष्ट्रिय योजना आयोगले पहल गर्नुपर्ने अवस्था देखिएको । त्यसमा राष्ट्रिय योजना आयोगबाट जिम्मेवारी यस आयोगलाई दिइएको अवस्थामा राष्ट्रिय सूचना आयोगले सबै सरोकारवालाको समन्वयमा कार्ययोजना तयार गर्ने ।

६. नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०७८।०८।०३ को पत्रसाथ श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंको मिति २०७८।०६।२० को निर्णय कार्यान्वयन सम्बन्धमा प्राप्त पत्र आयोगको जानकारीमा आयो ।

७. अन्य विविध विषयमा छलफल भयो ।

## सूचना अधिकारी तोक्न र स्वतः प्रकाशन नियमित गर्न निर्देशन

काभ्रेपलाञ्चोक जिल्लाको तेमाल गाउँपालिकामा सूचनाको हकको कार्यान्वयनको अवस्थाबारे २०७८ साल पुस २ गते राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीबाट जानकारी लिने र आवश्यक निर्देशन दिने कार्य भयो । सार्वजनिक निकायबाट सम्पादन हुने काममा नागरिक निगरानी भए सुशान कायम हुने मान्यताका साथ सूचनाको हकको प्रचलन विश्वव्यापी बन्दै गएको प्रसङ्ग उल्लेख गर्दै सूचना आयुक्त मैनालीले सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको संवैधानिक र मौलिक अधिकारको सम्मान गर्न राजनीतिक र प्रशासनिक नेतृत्वलाई आग्रह गर्नुभयो ।



सो क्रममा गाउँपालिकाको कार्यालय नारायणस्थानमा तेमाल गाउँपालिका उपाध्यक्ष दुर्गामाया तामाङ, पालिकाका प्रमुख प्रशाकीय अधिकृत केदारप्रसाद ढकाल, लेखा अधिकृत सूर्यप्रसाद त्रिपाठी, इञ्जिनियर रामप्रसाद पौडेल, प्रशासन तथा प्रविधि विभागका उज्ज्वल लामा, आ.ले.प. माधवप्रसाद घिमिरे, कृषि शाखा प्रमुख कुलदीप पहाडी, पशु सेवा शाखा प्रमुख जयनारायण चौरसिया, रोजगार संयोजक प्रेक्षा तामाङ, उद्यम विकास शाखा प्रमुख जीवन पुलामी, सहायक महिला निरीक्षक दिपा नेपाली, अमिन हरिन्द्र साहलगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

सूचनाको हकको प्रचलनमा सार्वजनिक निकायले खेल्नुपर्ने भूमिकासहित प्रमुख प्रशासकीय अधिकृत तथा अन्य सहभागीहरूबाट राखिएका जिज्ञासाको जवाफ दिंदै सूचना आयुक्त मैनालीले तेमाल गाउँपालिकामा वडा अध्यक्षलाई सूचना अधिकारी तोकिएको देखिएकोले त्यसलाई सच्याउन, सूचनाको हकसम्बन्धी ऐनको दफा ५ को उपदफा ४ र ५ बमोजिम गर्नुपर्ने स्वतः प्रकाशन गर्न तथा पालिकामातहतका सार्वजनिक निकायमा पनि सूचना अधिकारी तोक्न र स्वतः प्रकाशनलाई नियमित गर्नका लागि निर्देशन दिनुभयो । सो क्रममा प्रमुख प्रशासकीय अधिकृत केदारप्रसाद ढकालले सूचनाको हकको कार्यान्वयनमा पालिकाका तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो । ◆

# संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायहरुलाई राष्ट्रिय सूचना आयोगको अनुरोध

सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारलाई नेपालको संविधानको धारा २७ मा व्यवस्था गरिएको छ । सार्वजनिक निकायमा रहेको आफ्नो र सार्वजनिक सरोकारको विषयमा प्रत्येक नेपाली नागरिकले सूचना माग गर्न र प्राप्त गर्न सक्छन् । सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सरकारी कार्यालय, राजनैतिक दल, गैरसरकारी संघसंस्था तथा कानुनद्वारा स्थापित सबै निकायलाई सार्वजनिक निकायका रूपमा उल्लेख गरिएको छ । सार्वजनिक निकायलाई नागरिकप्रति उत्तरदायी बनाई पारदर्शी र सुशानयुक्त समाज निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारलाई नेपालमा संवैधानिक रूपमा व्यवस्था गरिएको छ । सुशासन कायम गर्नेजस्तो महत्वपूर्ण विषयमा संविधानले व्यवस्था गरेको नागरिक अधिकार कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगले सूचना माग गर्ने नागरिक तहका विभिन्न पक्षका साथै सूचना प्रवाह गर्ने दायित्व रहेका सार्वजनिक निकायका सूचना अधिकारी र कार्यालय प्रमुखका लागि अभिमुखीकरण तथा अन्तरक्रियात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । सुशानका लागि महत्वपूर्ण औजार मानिएको सूचना प्रवाहको विषयमा राष्ट्रिय सूचना आयोगको पहलमात्र पर्याप्त नरहेको तथा सो सम्बन्धमा सार्वजनिक निकायको समेत महत्वपूर्ण भूमिका र दायित्व रहेको हुँदा निम्नबमोजिम व्यवस्था गर्न राष्ट्रिय सूचना आयोग अनुरोध गर्दछ ।

- प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कार्यक्रम तथा बजेट अनिवार्य रूपमा राख्ने व्यवस्था गर्ने । (कार्यक्रम प्रस्ताव गर्दा सूचनाको हक सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल तथा नागरिकहरूका लागि सूचनाको हकसम्बन्धी अभिमुखीकरण, सूचनाको हकसम्बन्धी ब्रोसर तथा पुस्तिका प्रकाशन इत्यादि)
- प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कानुनअन्तर्गत प्रकाशन गर्नु पर्ने स्वत:प्रकाशनका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने ।
- प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारी लक्षित तालिम र अभिमुखीकरणका कार्यक्रमका साथै सहज र सजिलोका लागि मोबाइल, सिम कार्ड, इन्टरनेट तथा मसलन्दका लागि उपयुक्त व्यवस्था गर्ने गराउने ।
- प्रत्येक सार्वजनिक निकायले सूचना मागकर्ताको सहजताका लागि सूचनाकक्ष तथा निवेदनको नमूना एवम् बस्ने, प्रतिक्षा गर्ने कक्षको व्यवस्था गर्ने/गराउने ।

## यसका अतिरिक्त सूचना प्रवाहलाई सहज बनाउन सार्वजनिक निकायले :

- नागरिकको सूचना माग गर्ने र प्राप्त गर्ने संवैधानिक अधिकारको सम्मान र संरक्षण गर्नुपर्छ ।
- बीस वर्ष अघिसम्मका सूचना अद्यावधिक गरी राख्नु पर्छ ।
- प्रत्येक ३/३ महिनामा आफ्नो निकायका गतिविलाई विषय स्वतः सार्वजनिक गर्नुपर्छ ।
- आफ्नो निकायमा रहेको सूचनामा नागरिकको पहुँचलाई सहज र सरल तुल्याउनु पर्छ ।
- सूचना अधिकारी तोक्नुपर्छ र सूचना अधिकारीलाई सूचनायुक्त बनाउनु पर्छ ।
- सूचना माग गर्ने नागरिकसँग विनयशील हुनु पर्छ र सूचना माग गर्न सहजीकरण गर्नुपर्छ ।

**सम्पादक मण्डल** : रत्नप्रसाद मैनाली (सूचना आयुक्त), भागिरथ पाण्डेय (सचिव), हरिहर कार्की (शाखा अधिकृत)

**सल्लाहकार** : महेन्द्रमान गुरुङ (प्रमुख सूचना आयुक्त), कमला ओली थापा (सूचना आयुक्त)

नेशनल डेमोक्रेटिक इन्स्टिच्यूट फर इन्टरनेशनल अफेर्स एनडीआई/युएसएडसँगको सहकार्यमा

प्रकाशक

**राष्ट्रिय सूचना आयोग**

देवीनगर-१०, बानेश्वर, काठमाडौं, नेपाल, फोन नं. : ०१-४६०२७४७, फ्याक्स नं. : ०१-४६०१२१२